# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## बेलका नगरपालिका
## उदयपुर

आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## बेलका नगरपालिका

## उदयपुर

आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

बेलका नगरपालिका

उदयपुर

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिईएको छ । यस स्थानीय तहको २०७९/८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रिया समेत विचार गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहिता लगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ । समय, जनशक्ति, स्रोतको उपलव्धता लगायतका सीमा रहेता पनि स्थानीय तह सम्म नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ। यसै गरी लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर छलफल गरिएको छ।

यस वर्ष स्थानीय तहको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कतिपय कानुन निर्माण हुन बाँकी रहेको, कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, प्रशासनिक तथा अनुत्पादक खर्चमा वृद्धि हुँदै गएको, एउटै योजना समेत टुक्र्याई कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरुको समेत परामर्शदाताद्वारा विस्तृत आयोजना प्रतिवेदन तयार गरी खर्च गरेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारी समेत नियुक्ति गरेको, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदनमा सुधार गर्नु पर्ने देखिएको, सार्वजनिक सम्पत्ति संरक्षण र उपयोग प्रभावकारी रुपमा हुन नसकेको, स्थानीय तहमा लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फस्यौंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा गर्न बाँकी रहेको जस्ता व्यहोरा देखिएका छन्। त्यस स्थानीय तहसँग सम्बन्धित व्यहोरा सहितको राय संलग्न गरिएको छ । एकै प्रकृतिका व्यहोराहरू वर्षेनी दोहोरिने गरेकोले वित्तीय अनुशासनमा अपेक्षित रुपमा सुधार हुन सकेको छैन ।अतः लेखापरीक्षणबाट औंल्याएका ब्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन त्यस स्थानीय तहबाट थप पहल कदमी हुने विश्वास लिएको छु ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु । साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद व्यक्त गर्दछु ।

**तोयम राया**

**जेठ २०८१** **महालेखापरीक्षक**

**महालेखापरीक्षकको कार्यालय**
**अनामनगर/बबरमहल, काठमाडौं, नेपाल**

**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय**
कोशी प्रदेश

महालेखा परीक्षकको कार्यालय
नेपाल
२०१६

मितिः२०८१।०२।१३

प.सं. २०८०।८१

च.नं. ७९

विषयः **लेखापरीक्षण प्रतिवेदन ।**

श्री नगर प्रमुख ज्यू,
वेलका नगरपालिका, वेलका नगर कार्यपालिकाको कार्यालय,
उदयपुर ।

१. **कैफियत सहितको राय** – हामीले यस नगरपालिकाको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण, त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरणको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण र त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरण समावेश भएको वित्तीय प्रतिवेदनले यस पालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. **कैफियत सहितको राय व्यक्त गर्ने आधार**

२.१. पालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरेर तयार गरेको छैन ।

२.२. लेखापरीक्षणबाट रू.१७ करोड २ लाख २६ हजार बेरुजू देखिएको छ । सो सम्बन्धमा रु.११ करोड ८ लाख ८ हजारको प्रतिक्रिया प्राप्त भएकोमा सो उपर कारबाही भई बाँकी बेरुजु असुल गर्नुपर्ने रू.७६ लाख ८२ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.१ करोड ३१ लाख १५ हजार, नियमित गर्नुपर्ने रु.३ करोड ७५ लाख ८५ हजार र पेश्की बाँकी रु.१० लाख ३६ हजार समेत रु.५ करोड ९४ लाख १८ हजार रहेको छ । यस नगरपालिकाको गतवर्ष सम्म रु.१८ करोड १६ लाख ९३ हजार बेरुजू बाँकी रहेकोमा यो बर्ष रु.२३ लाख ९५ हजार फस्यौंट भई हालसम्मको अद्यावधिक बेरुजू रु.२३ करोड ८७

लाख १६ हजार रहेको छ । यस नगरपालिकाको बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ । वित्तीय प्रतिवेदन तयार गर्ने यस नगरपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि प्रचलित कानुन र स्वीकृत आचारसंहिता अनुसार हामीले कार्य गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा हामी विश्वस्त छौं।

३. **अन्य व्यहोरा -** ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र राजस्व संकलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन र सेवा प्रवाहलगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन् ।

४. **वित्तीय विवरण उपर व्यवस्थापन तथा पदाधिकारीको जिम्मेवारी -** नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी एकीकृत वित्तीय विवरण तयार गर्ने तथा गल्ती (Fraud) वा त्रुटिका कारणबाट वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी यस नगरपालिकाको व्यवस्थापनमा रहेको छ । यस नगरपालिकाका प्रमुख र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार हुनेछन् ।

५. **वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी -** वित्तीय प्रतिवेदन समग्रमा गल्ती (Fraud) वा त्रुटिका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो ।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ । लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरेको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तरनिहित सीमाहरुका कारण वित्तीय विवरण वा आर्थिक कारोवारमा भएका सबै प्रकारका गल्ती (Fraud) वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका गल्ती (Fraud) वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(श्रीकुमार राई)

**नायब महालेखापरीक्षक**

# वेलका नगरपालिका, उदयपुर

## १. चालु वर्ष २०७९।८० को बेरुजु

### बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेश्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेश्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ५१ | ४६ | १७०२२६ | १ | १० | ११०८०८ | ५० | ३६ | ५९४१८ | ७६८२ | ३७५८५ | १३११५ | ० | ० | ५०७०० | १०३६ |

## २. अद्यावधिक बेरुजु स्थिति (२०७९।८० सम्मको)

(रु. हजारमा)

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| उदयपुर | १८१६९३ | ० | २३९५ | १७९२९८ | ० | ५९४१८ | २३८७१६ |

## ३. बेरुजु सम्परीक्षणको विवरण

| क्र. सं | आर्थिक वर्ष | बेरुजुको दफा | छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| | २०७९।८० (चालु वर्षको) | | | |
| १ | २०७९।८० | ३१ | पेश्की फस्यौंटको प्रमाण पेश | १०४१८७५९० |
| २ | २०७९।८० | ३२.२ | सक्कल विलको प्रमाण पेश | १०४८१६० |
| ३ | २०७९।८० | ४३ | जिन्सी दाखिला भएको प्रमाण | १२९९५०० |
| ४ | २०७९।८० | ६९ | अनुगमन भत्ता असुल भएको प्रमाण पेश | १५३०० |
| ५ | २०७९।८० | ७१ | दोहोरो भुक्तानी असुल भएको प्रमाण पेश | ६८००० |
| ६ | २०७९।८० | ७२ | बढी भुक्तानी असुल भएको प्रमाण पेश | ६८०० |
| ७ | २०७९।८० | ७७ | बढी भुक्तानी असुल भएको प्रमाण पेश | ८९३८६ |
| ८ | २०७९।८० | ८२.२ | संचित कोष दाखिलाको प्रमाण पेश | ३९६५७८९ |
| ९ | २०७९।८० | ८२.३ | रिभर्स फिड भएको प्रमाण पेश | ० |
| १० | २०७९।८० | ८७ | दोहोरो भुक्तानी नभएको प्रमाण पेश | १२७१२२ |
| | **चालु वर्षको जम्मा** | | | **११०८०७६४७** |
| १ | २०७८।७९ | ७ | कर दाखिला भएको प्रमाण पेश | ११९५७२ |
| २ | २०७८।७९ | ३४ | विल भरपाई भएको प्रमाण पेश | ८७७५० |
| ३ | २०७८।७९ | ४६ | विल भरपाई भएको प्रमाण पेश | २३०८०० |
| ४ | २०७८।७९ | ५३ | विल भरपाई भएको प्रमाण पेश | ५००००० |
| ५ | २०७८।७९ | ६५.२ | भरियशन आदेश जारी गरेको प्रमाण पेश | ९००९४४ |
| ६ | २०७८।७९ | ६८ | पेश्कीको म्याद थप भएको प्रमाण पेश | ३६६००० |
| ७ | २०७७।७८ | ३६.१ | बढी भुक्तानी असुल भएको प्रमाण पेश | ४२८४० |
| ८ | २०७७।७८ | ३७ | बढी भुक्तानी असुल भएको प्रमाण पेश | १००५०० |
| ९ | २०७७।७८ | ४१.२ | बढी भुक्तानी असुल भएको प्रमाण पेश | ३४६८० |
| १० | २०७७।७८ | ५८.४ | बढी भुक्तानी असुल भएको प्रमाण पेश | १२००० |
| | **गत विगतको जम्मा** | | | **२३९५०८६** |
| | **कुल जम्मा** | | | **११३२०२७३३** |

**पालिकाको अन्तिम लेखापरीक्षणको विवरण तल उल्लेख गरिएको छ ।**

# परिचय

१ **(क) बेलका नगरपालिकाको परिचय -** स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह—अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । कोशी प्रदेशमा अवस्थित यो नगरपालिका अन्तर्गत ९ वडा र ५० सभा सदस्य रहेका छन् । यो पालिकाको ३४४ वर्ग कि.मी. क्षेत्रफल, जनसंख्या ५१०४३, साक्षरता दर ७७.५ प्रतिशत र १२१५८ घरधुरी रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य -** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि -** यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०।८।२९ देखि २०८०।९।४ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि -** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा -** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति -** कार्यालयको विनियोजनतर्फ रु.४७२५३२९२२, राजश्वतर्फ रु.१४७११२७४०, धरौटीतर्फ रु.१४१९७६९८, अन्य कारोबारतर्फ रु.२४३५९०३१३ गरी जम्मा रु.८७७४३३६७३ को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को बिष्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु -** लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची - २ मा संलग्न छ ।

**(ज) लेखापरीक्षणको क्रममा असुली -** लेखापरीक्षणको क्रममा निम्नानुसार असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

| सि.नं | विवरण | रकम रु. |
|---|---|---|
| १ | विनोद मिश्रको पेश्कि फर्च्योट नपुग रकम सम्बन्धितबाट दाखिला | १४६९१० |

## लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तीय प्रतिवेदन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) सम्बन्धमा निम्नअनुसार देखिएको छः

| प्राप्तीभुक्तानी हिसाव | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| विवरण | टिप्पणी | यसवर्ष रु. | | | | गतवर्षरु. | |
| | | बजेट | आफैलेगरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोझैभुक्तानी | जम्मा | आफैलेगरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोझैभुक्तानी | जम्मा |
| प्राप्ती (क+ख) | | ८१६४५८६६३.५२ | ६४२७६९४२३.०४ | | ६४२७६९४२३.०४ | ६५७७१४५३४.८२ | | ६५७७१४५३४.८२ |
| क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने) | | ७९४३०२१५०. | ६१९६४५६६२.०३ | ० | ६१९६४५६६२.०३ | ६२०६५८७३०.२७ | ० | ६२०६५८७३०.२७ |
| ११००० कर | ११ | १४६६०८१५०. | ११३३०६७२२.०६ | ० | ११३३०६७२२.०६ | १३०६७१९१२.०८ | ० | १३०६७१९१२.०८ |
| १३००० अनुदान | | ५९७६४९०००. | ४७२५३२९२२.०१ | ० | ४७२५३२९२२.०१ | ४५५०३०३३८. | ० | ४५५०३०३३८. |
| संघीय सरकार | १२ | ५७२६१६०००. | ४५००३००५३.०१ | ० | ४५००३००५३.०१ | ४३०२४८४८३. | ० | ४३०२४८४८३. |
| प्रदेश सरकार | १२ | २५०३३०००. | २२५०२८६९. | ० | २२५०२८६९. | २४७८१८५५. | ० | २४७८१८५५. |
| १४००० अन्य राजस्व | | ३९५४५०००. | ३३८०६०१७.९६ | ० | ३३८०६०१७.९६ | ३४९५६४८०.१९ | ० | ३४९५६४८०.१९ |
| १५००० विविध प्राप्ति | | ५०००००. | ० | ० | ० | ० | ० | ० |
| ३२००० वित्तीय सम्पत्ति | | १००००००० | ० | ० | ० | ० | ० | ० |
| ख. अन्य प्राप्ति | | २२१५६५१३.५२ | २३१२३७६१.०१ | | २३१२३७६१.०१ | ३७०५५८०४.५५ | | ३७०५५८०४.५५ |
| वितरण गर्न बाकी राजस्व | | ० | ० | ० | ० | ० | ० | ० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| कोषहरु | | २२१५६५१३.५२ | १८८१३५०६.०१ | ० | १८८१३५०६.०१ | ३३८८०८९२.०३ | ० | ३३८८०८९२.०३ |
| धरौटी | | ० | ४३१०२५५. | ० | ४३१०२५५. | ३१७४९१२.५२ | ० | ३१७४९१२.५२ |
| संघीय प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | ० | ० | ० |
| भुक्तानी (ग+घ) | | ८१६४५८६६३.५२ | ६०२३१६१५२.७८ | | ६०२३१६१५२.७८ | ६३२८३५३२४.६६ | | ६३२८३५३२४.६६ |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | | ७९४३०२१५०. | ५८७८४२३२९.७८ | | ५८७८४२३२९.७८ | ६०३६४९३३४.१४ | | ६०३६४९३३४.१४ |
| २१००० पारिश्रमिक / सुविधा | १८ | २४४१९६५३४. | २२९९३३३१६.२२ | ० | २२९९३३३१६.२२ | १६२८४६९६९.०३ | ० | १६२८४६९६९.०३ |
| २२००० मालसामान तथा सेवाको उपयोग | १८ | २६०३९६४५६.१४ | १७९०८५२६३.०६ | ० | १७९०८५२६३.०६ | २१७५२४५७८.८२ | ० | २१७५२४५७८.८२ |
| २५००० सहायता (Subsidy) | १८ | ० | ० | ० | ० | १०८५८३९.५ | ० | १०८५८३९.५ |
| २७००० सामाजिक सुरक्षा | १८ | ७११९०९६. | ४९७७४८७. | ० | ४९७७४८७. | ८२२६६१८.९५ | ० | ८२२६६१८.९५ |
| २८००० अन्य खर्च | १८ | १७७४०००. | १४२००४५. | ० | १४२००४५. | १२२२१४२७. | ० | १२२२१४२७. |
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १८ | २८०८१६०६३.८६ | १७२४२६२१८.५ | ० | १७२४२६२१८.५ | २०१७४३९००.८४ | ० | २०१७४३९००.८४ |
| घ. अन्य भूक्तानी | | २२१५६५१३.५२ | १४४७३८२३. | | १४४७३८२३. | ६३२८३५३२४.६६ | | ६३२८३५३२४.६६ |
| कोषहरु | | २२१५६५१३.५२ | १११९५६१२. | ० | १११९५६१२. | २३२८०९१५.५२ | ० | २३२८०९१५.५२ |
| धरौटी | | ० | ३५२७६५४. | ० | ३५२७६५४. | ५९०५०७५. | ० | ५९०५०७५. |
| संघीय प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | ० | ० | ० |
| कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | | | -२४९४४३. | | -२४९४४३. | | | |
| ङ. यो वर्षको बचत (न्युन) | | | ४०४५३२७०.२६ | | ४०४५३२७०.२६ | २४८७९२१०.१६ | | २४८७९२१०.१६ |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | | ५२९६४२६०.६८ | | ५२९६४२६०.६८ | ३५६९३०६४.८६ | | ३५६९३०६४.८६ |
| वर्षान्तको बाकी रकम (ङ + च) | | | ९३४१७५३०.९४ | | ९३४१७५३०.९४ | ६०५७२२७५.०२ | | ६०५७२२७५.०२ |
| बैंक तथा नगद बाकी | २४ | | ८२६१७२८२.९४ | | ८२६१७२८२.९४ | ४८९५८४३०.६८ | | ४८९५८४३०.६८ |

सैद्धान्तिक बेरुजु

**(विस्तृत विवरण बेरूजु दफा २ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

३ **बैङ्क हिसाब विवरण -** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाले बैङ्क हिसाब मिलान विवरण तयार नगरेको कारण वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दात देहायअनुसार छः

| खाताकोप्रकार | श्रेस्ता अनुसारबाकी रु | बैंक अनुसार बाकीरु |
|---|---|---|
| ग १.१, आन्तरिक राजस्व खाता | ०.०० | ०.०० |
| ग १.३, आन्तरिक अनुदान खाता | ०.०० | ०.०० |
| ग २.२, चालू खर्च खाता- जोर वर्ष | ०.०० | ७४८६०१४.५२ |
| ग २.४, पुँजीगत खर्च खाता- जोर वर्ष | ०.०० | २१०१३५२२.५० |
| ग २.७, विविध खर्च खाता | ७९७४६९७.३२ | १०३२१३८२.८७ |
| ग ३.१, स्थानीय तह धरौटी खाता | १०६७००४३.५२ | १०६७००४३.५२ |
| ग ४.१, स्थानीय तह सञ्चित कोष खाता | ६१७०७१६०.९१ | ३७,९५४,६३८.८९ |
| ग ५.१, स्थानीय तह विविध कोष खाता | १५५५३५२.५० | १५५५३५२.५० |
| ग ६.१, स्थानीय तह विभाज्य कोष खाता | ०.०० | ०.०० |
| ग ७.२, स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता | ७१००२८.६३ | ७१००२८.६३ |
| ग १.२ बाँडफाडबाट प्राप्त राजश्व खाता | ०.०० | ०.०० |
| **जम्मा** | **८२६१७२८२.८८** | **८९७१०९८३.४३** |

सुत्र प्रणालीमा उपलब्ध विवरण बमोजिम पालिकाको श्रेस्तामा भन्दा बैंकमा रु.७०९३७००.५५ रहेको देखिएकोले म.ले.फा.नं. २१२ तयार गरी स्रेस्ता र बैङ्कबीच हिसाब मिलान गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४ **बजेट सीमा निर्धारण समिति -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

सैद्धान्तिक बेरुजु

५ **बजेट पेश, पारित र अख्तियारी -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपप्रमुखले मिति २०७९।३।२८ मा रु.७७ करोड ७४ लाखको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०७९।.३।३१ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०७९।४।१० मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

६ **बजेट तथा कार्यक्रम तर्जुमा -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

७ **बजेट अवण्डा -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय- व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ। यस पालिकाले यो वर्ष रु.२४८२८५१६ अबण्डा बजेट व्यवस्था गरी २० कार्यक्रम/योजनामा रु.२०२९७२५८ खर्च गरेको छ। बजेट अबण्डामा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने गरेको देखिन्छ । जसले गर्दा वित्तीय अनुशासन र पारदर्शिता कायम भएको छैन । तसर्थ, बजेट खर्चलाई पारदर्शिता र पद्धतिमा आधारित बनाउनुपर्दछ । अवण्डा बजेटबाट पालिकाले समय समयमा छुट्टै निर्णय गरी कार्यान्वयन गरेका केही योजनाका उदाहरण देहायअनुसार छन् :

| क्रस | क्रियाकलाप वाकार्यक्रम | विनियोजन | खर्च |
|---|---|---|---|
| १ | नगर शिक्षकतथा नगरपालिका कर्मचारीहरुको नपुग तलव | ५००००००. | ४५३८२००. |
| २ | विविध खर्च | ४००००००. | ३९९९४११ |
| ३ | वडा अध्यक्ष साना विकास कार्यक्रम | २०१५४९७. | १७२८३४५. |
| ४ | नगर शिक्षकतलव | १५०००००. | १५०००००. |
| ५ | वडामासंचालन रहेको मुख्य तथा शाखा सडक मर्मतसंभार | १२५७३०१. | १२५७३०१. |

| | | | |
|---|---|---|---|
| ६ | खानेपानीपाइप खरिद गरी नगर कार्यपालिकाको निर्णयानुसार वितरण | १२०००००. | ११६६३००. |
| ७ | खेलकुदसामग्री खरिद र वितरण साथै अन्य खेलकुद सम्वन्धित कार्यक्रम | ८५००००. | ८५००००. |
| ८ | आकस्मिकसहायता कोष | ८०००००. | ८०००००. |
| ९ | संघ संस्थासहयोग | ८०००००. | ७९९६९९. |
| १० | विभिन्नसडक मर्मत संभार कार्यक्रम | ८०००००. | ७७४१०९. |
| ११ | विभिन्नलक्षित वर्ग लक्षित कार्यक्रमहरु | १५०००००. | ५९९७२७. |
| १२ | विभिन्नसडक मर्मत योजना बेनपा २ | ३२६२००. | ३२६२००. |
| १३ | वडाअध्यक्ष साना तिना पूर्वाधार निर्माण | ८०००००. | ३०२१७९ |
| १४ | विद्युततार पो खरिद गरी आवश्यकता अनुसार कार्यपालिका बैठकबाट निर्णय गरी वितरण | १५०००००. | २९०३३८. |
| १५ | विविध कार्यक्रम खर्च | २८४०००. | २८४०००. |
| १६ | वडाअध्यक्ष साना पूर्वाधार विकास सहयोग | ५०००००. | २८३९५९. |
| १७ | विभिन्नलक्षित वर्ग समूह समुदाय कार्यक्रम | २५००००. | २५००००. |
| १८ | वडाअध्यक्ष साना विकास कार्यक्रम | ४२५५१८. | २११५४७ |
| १९ | नगर भित्ररहेका स्वास्थ्य संस्थाहरुका लागि वार्षिक रुपमा औषधी खरिद | ५२००००. | २०२६५८. |
| २० | वडाअध्यक्ष साना विकास कोष | ५०००००. | १३३२८४. |
| **जम्मा** | | २४८२८५१६. | २०२९७२५८ |

सैद्धान्तिक बेरुजु

८ **आन्तरिक लेखापरीक्षण** - स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । तर बेलका पालिकाले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन । तसर्थ, कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउनेतर्फ ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

९ **उपलब्धी मुल्यांकन** - ग्रामीण उद्यम तथा विप्रेषण आयोजना(समृद्धी) सँग नतिजामा आधारित व्यवसायिक सीप तालिम सञ्चालनका लागि २०७९।१२।१३ मा रु.३००४५९६ मध्ये पालिकाको रु.२८६१५२ र आयोजनाको रु.२७१८४४४ लागत सहभागिता हुने गरी सम्झौता भएको छ । २०८०।९।१५ मा सम्पन्न हुने यो सम्झौताको बुँदा नं ३ मा बमोजिम अपेक्षित उपलब्धिसहित मुल्यांकन भएको देखिएको छैन । रु.१४३०७६ पालिकाको तर्फबाट खर्च भएको यस कार्यक्रम सम्झौताको बुँदा नं ६.३ अनुसार कार्यक्रमको प्रमाणित प्रति सहित उपलब्धि मूल्यांकन सहितको प्रगति प्रतिवेदन प्राप्त गर्नुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

१० **कट्टी रकम भुक्तानी/दाखिला -** पालिकाले तयार गरेको एकिकृत आर्थिक विवरण अनुसार विविध खाताको भुक्तानीहरुमा कट्टी गरेको कर दायित्व रु.२४९४४३ देखाएको छ । एकिन भई सकेको कर दायित्व लेखापरीक्षण अवधिसम्म पनि दाखिला गरेको पाइएन । अतः उक्त रकम सम्बन्धित खातामा दाखिला गर्नुपर्ने रु.

| प्रमाण पेश नगरेको | २,४९,४४३ |
|---|---|

११ **संघ र प्रदेशसँग साझेदारी -** राष्ट्रिय योजना आयोगले जारी गरेको समपुरक अनुदान सम्बन्धी कार्यविधि, २०७७ को बुदाँ नं ६(१) मा नेपाल सरकारले समितिले छनौट गरेको आयोजना/कार्यक्रम कार्यान्वयनको लागि त्यस्तो आयोजना र कार्यक्रम कार्यान्वयन गर्नु पर्ने आवश्यकता, प्राथमिकता, आयोजन/ कार्यक्रम कार्यान्वयनबाट हुनसक्ने उपलब्धी, आयोजना र कार्यक्रमको दिगोपना समेतको आधारमा प्रदेश वा स्थानिय तहलाई कुल लागतको अधिकतम ५० प्रतिशत रकम सपुरक अनुदान प्रदान गर्न सक्ने व्यवस्था छ । साथै, कोशी प्रदेश सरकारले जारी गरेको प्रदेश समपुरक अनुदान सम्बन्धी कार्यविधि, २०७५ को दफा ४ मा आयोजनाको प्रकृति, प्राथमिकता, आवश्यकता, प्राप्त हुनसक्ने सम्भाव्य उपलब्धी, दिगोपना आदिको आधारमा कूल लागतको बढीमा सत्तरी प्रतिशत रकम प्रदेश सरकारले समपुरक अनुदानको रुपमा प्रदान गर्न सक्ने व्यवस्था छ । संघ सरकारको ८० लाख, प्रदेश सरकारको ६० लाख र पालिकाको रु ९८ लाख लागत सहभागिता रहने गरी (ठे नं ४-२०७९।८०) रामसागर/विकेएस जे भीसँग सोमबारे मायुङ्गटार सडक कालोपत्रे (प्रिमिक्स) कार्यका लागि रु १ करोड ९७ लाखमा सम्झौता भई भेरिएसन आदेश पश्चात रु.२१३२६८२६ कायम भएकोमा रु.२१०५१०८५ मा कार्य सम्पन्न भएको छ । उक्त कार्यको भुक्तानी गर्दा संघ सरकारको रु.८३२०५४ र प्रदेश सरकारको रु.६२३५०७ सहित जम्मा रु.१४५५५६१ बढी खर्च लेखेको नियमसम्मत नदेखिएको रु

| अनियमित भएको | १४,५५,५६१ |
|---|---|

१२ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

१३ **कट्टी दायित्व -** पालिकाले तयार गरेको वित्तीय प्रतिवेदन (म.ले.प.फा.नं २७२) अनुसार वर्षान्तमा विभिन्न भुक्तानीहरुमा कट्टी गरेको कर्मचारी सञ्चय कोष र नागरिक लगानी कोष कट्टी दायित्व रु ३५२४ देखाएको

छ । यकिन भई सकेको कर दायित्व लेखापरीक्षण अवधिसम्म पनि दाखिला गरेको पाइएन । अतः उक्त रकम सम्बन्धित खातामा दाखिला गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३,५२४ |

१४ **लक्ष्य प्रगति -** कार्यालोलयले त्रैमासिक तथा वार्षिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रीय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गर्नुपर्नेमा सो गरेको छैन । कार्यक्रम र योजनाको पूँजीगततर्फको प्रगति अवस्था निम्नानुसार रहेको छ । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा वार्षिक प्रगति तयार नगर्ने प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवार बनाउनु पर्दछ ।

| कार्यक्रम/योजना | कुल कार्यक्रम | वार्षिक प्रगति स्थिति | | | |
|---|---|---|---|---|---|
| | | शून्य प्रगति | २५%सम्म प्रगति | ५०% सम्म प्रगति | ७५% सम्म प्रगति |
| **कार्यक्रम संख्या** | ३०३ | ८० | ९ | १३ | २१ |

सैद्धान्तिक बेरुजु

१५ **वार्षिक खरिद योजना/गुरुयोजना -** सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । सुत्र प्रणालीमा उपलब्ध चौमिसक खर्च विवरण बमोजिम पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक १७ करोड २४ लाख पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखिएको छ । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१६ **योजना प्राथमिकीकरण -** स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०७९।८० मा निम्नअनुसार ३०३ योजनामा रु २९ करोड २१ लाख वजेट विनियोजन गरेको छ।

| कुल योजना सङ्ख्या | रु.२० लाखमाथिका योजना सङ्ख्या | रु.५ लाखदेखि २० लाख सम्मका योजना सङ्ख्या | रु.५लाखभन्दा कमका योजना सङ्ख्या |
|---|---|---|---|
| ३०३ | २४ | ८३ | १९६ |

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ ।त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लेखित योजना मध्ये २२३ योजनामात्र कार्यान्वयन भई रु.३ करोड ४८ लाख बराबरका ८० योजना कार्यान्वयन हुन सकेको देखिएन । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

१७ **जग्गा नापजाँच कार्य -** पालिकाले यस आर्थिक वर्षमा सुकुम्बासी आवास व्यवस्थापन, ऐलानी जग्गा व्यवस्थापन लगायत जग्गा नापजाँच कार्यका लागि रु.४५ लाख ९० हजार बजेट व्यवस्था गरी रु.३६०७०५३ भन्दा बढी खर्च गरेको छ । साथै कर्मचारी करार लगायतमा रु.११ लाख बजेट विनियोजन गरेकोमा डोर हाजिरमा कार्य गराएको आधारमा रु.१०९४००० खर्च भएकोमा यसप्रकारको जग्गा नापजाँच कार्यको प्रगति अवस्था, नापजाँच शुरुवात अवधि २०७६।७७ को अवस्था र लक्ष्य विवरण सहित सम्पन्न हुने समयावधी खुलेको कार्ययोजना तयार भएको देखिएन । आर्थिक वर्ष २०७६।७७ मा रु.११ लाख १८ हजार, आर्थिक वर्ष २०७७।७८ मा रु.५० लाख ७४ हजार, आर्थिक वर्ष २०७८।७९ मा रु.३६ लाख ८४ हजार र आर्थिक वर्ष २०७९।८० मा ३६ लाख सहित हालसम्म रु.१ करोड ३५ लाख उल्लेख्य खर्च भएको यस कार्यक्रमको सम्बन्धमा पालिकाले निश्चित कार्ययोजना र विधिका आधारमा खर्च गर्नुपर्ने देखिएको र डोर हाजिरमा परिचालन गरिएका व्यक्तिको कार्य प्रगति खुल्ने कागजात सहित कार्यक्रमको प्रगति अवस्था पेश गर्नुपर्ने देखिएको रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३,६०,७०५ |

१८ **गत वर्षको भुक्तानी -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ९ मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेस गरेर बजेट बनाउने व्यवस्था छ। पालिकाले गतवर्षको भुक्तानी दिन बाँकीको खाता तथा कच्चावारी (म.ले.प.फा.नं. २२१) प्रमाणित तथा यस वर्षको बजेटमा समेत गत वर्षको भुक्तानी दिन बाँकीको व्यवस्था वा यकिन नगरी रु.३३६४०२४५ भुक्तानी दिएको छ। पालिकाले नगर सभाको निर्णयका आधारमा गत वर्षका भुक्तानी बाँकी योजना शिर्षक कायम गरी संलग्न अनुसुची अनुसार विभिन्न १५४ योजना तथा कार्यक्रमका लागि खर्च गरेकोमा चालु तथा प्रशासनिक खर्चमा समेत भुक्तानी गरेको नियमसम्मत देखिएन ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

**(विस्तृत विवरण बेरूजु दफा १८ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

१९ **क्षेत्रगत बजेट र खर्चको स्थिति -** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| क्र स | क्षेत्र/उपक्षेत्र | विनियोजन | खर्च | खर्च (%) |
|---|---|---|---|---|
| १ | आर्थिकविकास | ५९३३०८३६ | २४५८६३७९ | ०.४१ |

| | | | | |
|---|---|---|---|---|
| २ | सामाजिकविकास | ३३७४१७००० | २८८६४८३९९ | ०.८६ |
| ३ | पूर्वाधारविकास | १७२१२६७७१ | ९४०३४५६१ | ०.५५ |
| ४ | सुशासन तथाअन्तरसम्बन्धित क्षेत्र | ९६८८९८७१ | ६९०११०२५ | ०.७१ |
| ५ | कार्यालयसञ्चालन तथा प्रशासनिक | १२८५३७६७२ | १११५६१९६७ | ०.८७ |
| **कुल जम्मा** | | **७९४३०२१५०** | **५८७८४२३३०** | ०.७४ |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये कार्यालय सञ्चालन तथा प्रशासनिकमा सबैभन्दा बढी ८७ प्रतिशत र आर्थिक विकासमा सबै भन्दा घटी ४१ प्रतिशत रहेको छ ।

सैद्धान्तिक बेरुजु

२० **तलवी प्रतिवेदन -** निजामती सेवा ऐन २०४९, स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, शिक्षा ऐन, २०२८ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ । पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्य, शिक्षा र वर्षभर ३० स्थायी कर्मचारीका लागि रु.१८२६८९७८ तलव भत्ता भुक्तान भएकोमा ती कर्मचारीको तलवी प्रतिवेदन पारित बेगर खर्च पालिका कर्मचारी समेत जम्मा रु.७१९८७५८३ खर्च लेखेको छ । तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्न पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२१ **कर्मचारी प्रोत्साहन भत्ता -** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८६(१) बमोजिम स्थानीय सेवा गठन, सञ्चालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, सञ्चालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुविधा सम्बन्धी अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । स्थानीय तहले कानुन तथा कार्यविधि नबनाई रु.१४२२७२० प्रोत्साहन भत्ता खर्च गरेको कारण आर्थिक व्ययभार बढ्न गएको छ । पालिकाको आन्तरिक आयलाई समेत विचार गरी कानुन बमोजिम खर्च लेख्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२२ **सेवा सुविधामा विविधता -** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८६(१) बमोजिम स्थानीय सेवा गठन, सञ्चालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, सञ्चालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुविधा सम्बन्धी अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ ।पालिकाले साविकमा घरेलु तथा साना उद्योग विकास समितिबाट समायोजन भएका ४ कर्मचारीलाई विगत वर्षदेखी वार्षिक रुपमा घर विदा र औषधीउपचार खर्च भुक्तान गर्ने गरेकोमा यस वर्ष रु.४२०६४३ भुक्तान गरेको छ । यस सम्बन्धमा कार्यालयले साविकको घरेलु तथा साना उद्योग विकास समितीको कर्मचारी विनियमावलीलाई आधार लिई भुक्तानी दिएको जनाएको छ । एकै स्थानीय तहमा कार्यरत कर्मचारीको सेवा शर्त र सुविधामा विविधता

रहेको अवस्था देखिएकोले निजामती सेवा ऐन र नियमावलीमा भएका सेवा सुविधाको व्यवस्थालाई मार्गदर्शन लिई एकरुपता कायम गर्नुपर्ने देखिएको छ ।

सैद्धान्तिक बेरुजु

२३ **आर्थिक सहायता -** पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। पालिकाले मापदण्ड र कार्यविधि तयार नगरी विभिन्न १३ शिर्षकमा संघसंस्था र व्यक्तिहरुलाई रु २६ लाख १६ हजार आर्थिक सहायता वितरण गरेको छ । उक्त रकम पालिकाको कुल आन्तरिक आय रु.३४२२५७४१ को ७.६४ प्रतिशत हुन आउँछ । निश्चित विधि र मापदण्ड वेगर आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनु पर्दछ ।

| क्रस | सहयोगवा सहायताको शिर्षक | विनियोजन | खर्च |
|---|---|---|---|
| १ | जनप्रतिनिधि तथा कर्मचारी दुर्घटना तथा भवितव्य सहायता | ४०००००. | ५००००. |
| २ | संघ संस्थासहयोग | ८०००००. | ७९९६९९. |
| ३ | आकस्मिकसहायता कोष | ८०००००. | ८०००००. |
| ४ | धार्मिकस्थल तथा भाषा कला संरक्षण र संवर्द्धन सहायता | ९०००००. | ८३०००. |
| ५ | कोही भोकोनरहोस अति विपन्न सहयोग कार्यक्रम | १०००००. | ९९८६०. |
| ६ | संघ संस्था सहयोग | २०००००. | २०००००. |
| ७ | खारखोला सुनौलो विकानी बालशिक्षा सहयोग | ६००००. | ६००००. |
| ८ | वडा बालसंरक्षण समिति सहयोग | ५००००. | ४९१५०. |
| ९ | वडा अध्यक्ष साना पूर्वाधार विकास सहयोग | ५०००००. | २८३९५९. |
| १० | संघ संस्था सहयोग कार्यक्रम | ५००००. | १९०००. |
| ११ | पत्रपत्रिका संचार सहयोग | ५००००. | ५००००. |
| १२ | टोल विकाससंस्थालाइ सहयोग | १०००००. | ४६५६०. |
| १३ | विभिन्न संघ संस्था सहयोग | ७५०००. | ७५०००. |
| जम्मा | | ४०८५०००. | २६१६२२८. |

सैद्धान्तिक बेरुजु

२४ **धरौटी कारोबार -** पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ । पालिकाको धरौटी आर्थिक विवरण अनुसार श्रोत नखुलेको धरौटी रु.२७३६८५१ रहेको देखिएको र भौ नं ७-२०७९।६।५ बाट आजाद निर्माण सेवालाई रु.९५६९६२ फिर्ता सहित बेलका नगरपालिकालाई नै रु १३८३१५ र रु.३२४८४८ फिर्ता गरेको देखिएको छ । यसरी कारोबारमा धरौटीको व्यक्तिगत विवरण अद्यावधिक नभएको तथा कारोवारमा फिर्ताको विवरण स्पष्ट नभएकोले सो सम्बन्धमा यकिन गर्नुपर्ने देखिएको रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २७,३६,८५१ |

२५ **आन्तरिक नियन्त्रण प्रणाली -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले मिति २०७८।१३ मा आन्तरिक नियन्त्रण प्रणाली तर्जुमा दिग्दर्शन २०७८ (नमुना सहित) सबै स्थानीय तहहरूलाई तर्जुमा गरी कार्यान्वयन गर्न परिपत्र गरेको छ । हालसम्म यस नगरपालिकाले सो बमोजिमको आन्तरिक नियन्त्रण प्रणाली निर्देशिका बनाई लागु गरेको छैन । वित्तीय व्यवस्थापन कार्यमा आन्तरिक जाँच र आन्तरिक लेखापरीक्षण प्रभावकारी हुन सकेको छैन । अनुगमन तथा मूल्यांकलाई प्रभावकारी बनाउन सकेको छैन । जसले गर्दा आन्तरिक नियन्त्रण प्रणालीको प्रमुख उद्दश्य अनुसार पालिकाले निर्धारित विधि र प्रक्रिया अनुसार कार्यसम्पादन गरी लक्ष्य प्राप्त गर्नु पर्नेमा सो नभएको, सम्भावित जोखिमहरूको समयमै पहिचान, रोकथाम र नियन्त्रण प्रभावकारी हुन नसकेको, कार्य सञ्चालन व्यवस्थित, सिलसिलावद्ध हुन नसकेको, स्रोत साधन र सम्पत्तीको उपयोगमा मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता ल्याउन नसकिएको, प्रचलित ऐन, नियम लगायतका कानूनी व्यवस्था तथा कार्यविधिको पालनामा प्रभावकारिता आउन नसकेको, वित्तीय जिम्मेवारी र अनुशासन कायम गरी वित्तीय पारदर्शिता र जवाफदेहिता प्रवर्दधन प्रभावकारी हुन नसकेको अवस्था छ ।जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन । यसमा सुधारको लागि ऐनले तोकेबमोजिमको आन्तरिक नियन्त्रण प्रणाली बनाइ यथाशीघ्र कार्यान्वयन गर्नु पर्दछ । यस सम्बन्धमा देखिएका अन्य व्यहोरा निम्न छन् :

- स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्ने सम्बन्धमा भएका अध्ययन र प्रतिवेदनको अभिलेख व्यवस्थित नरहेको तथा प्राप्त तथ्यांकमा एकरुपता देखिएको छैन ।
- पालिकाले आर्थिक वर्षको समग्र आर्थिक कारोवारको वार्षिक प्रतिवेदन तयार नगरेको, कार्यक्रमगत तथा योजनागत खाता नराखेको, संचालित कार्यक्रम तथा योजनाको कार्यान्वयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको छैन ।
- स्थानीय कोषको सञ्चालन, व्यवस्थापन र प्रतिवेदन प्रणालीमा एकरुपता र शुद्धता कायम गर्न महालेखा नियन्त्रक कार्यालयले उपलब्ध गराएको स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सुत्र) मा सम्पूर्ण क्षेत्र/विषय प्रविष्टी नगरेकोले शुत्रबाट प्राप्त भएको आर्थिक विवरणले यथार्थ अवस्थाको चित्रण गर्न सकेको छैन ।
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिमको मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको छैन ।
- विषयगत क्षेत्रमा सञ्चालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई उपभोग र वितरणमुखी रहेको देखिएको छ ।
- पालिकाले वडा कार्यालय र विषयगत कार्यालय समेतको जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको, जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको छैन ।

- कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरूमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको छैन । कतिपय गोश्वारा भौचर तोकिएको अधिकारीबाट प्रमाणित समेत भएको छैन ।
- खरिद व्यवस्थापन भएका ठेक्का फाईलको विस्तृत विवरण देखिने गरि ठेक्का अभिलेख र कन्टिन्जेन्सी खाता राखेको छैन ।
- सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रम उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा हस्तान्तरण सम्बन्धी कुनै कार्यवाही भएको छैन ।
- सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरूको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय नगरेको तथा पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि आवश्यक प्राविधिक तथा प्रशासनिक कर्मचारी दरवन्दीबमोजिम पदपूर्ती नहुँदा सेवा प्रवाहमा असर परेको छ । पदपूर्ती सम्बन्धमा सम्बन्धित निकायमा समन्वय गर्नु पर्नेमा सो गरेको छैन ।
- वातावरणको संरक्षणको एकीकृत दिर्घकालीन योजना तयार नगरेको र शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला व्यवस्थापन स्थल पहिचान एवं कार्ययोजना तयार गरेको छैन ।
- पालिकाको कार्य प्रकृति अनुसार पालिका र वडास्तरमा सार्वजनिक निकायको प्रमुखले मातahत कर्मचारीलाई कार्य विवरण/कार्यदिश दिई कार्यसम्पादनमा गराउनुपर्नेमा सो भएको छैन ।
- संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको २०७३/१२/२५ को परिपत्र अनुसार यस पालिकामा समाहित भएका साविकका गाउँ विकास समितिको नाममा रहेका पेश्की तथा बेरुजुको लगत तयार गरेको छैन ।
- एकीकृत आर्थिक तथा वर्गीकरण र ब्याख्या २०७४ (दोस्रो संस्करण) बमोजिम शिर्षकगत खर्च भन्दा फरक शिर्षकबाट खर्च गरेको छ ।

तसर्थ, आन्तरिक नियन्त्रण प्रणाली तयार गरी पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२६ **कानून र सञ्चालन स्थिति -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि पालिकाले हालसम्म १४ वटा ऐन, ९ वटा नियमावली, ४९ कार्यविधि निर्देशिका ७ र नर्म्स २ वटा लगायत ८१ वटा कानुन निर्माण गरी कार्यान्यिनमा ल्याएको छ । साथै पालिकाले. ८१ वटा कानूनहरु निर्माण गरी सभा।कार्यपालिकाबाट स्वीकृत गराई राजपत्रमा प्रकाशन भए नभएको एकिन भएन । तसर्थ उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरी कार्यान्वयनमा ल्याउनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

२७ **आय अनुमान -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.३०४७५००० प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७९।८० मा रु.१७९६०६५० अर्थात अनुमान भन्दा ४१ प्रतिशत न्यून आय प्राप्त गरेको छ । यस सन्दर्भमा पालिकाले ढुंगा गिटी लगायतको आम्दानीलाई राजस्व बाँडफाँडपश्चात आय बाँध्नुपर्नेमा ठेक्का प्रक्रियामा जान नसकेका कारण अन्य राजस्व स्वरुप आम्दानी बाँध्दा कुल आम्दानी स्काभेटर आम्दानी समेत रु.३४२२५७४१ देखिएतापनी सो भित्र प्रदेशलाई पठाउन बाँकी मुअकर र विभाज्य कोषमा दाखिला गर्न बाँकी रकम समेत समावेश रहेको पालिकाले जनाएको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

सैद्धान्तिक बेरुजु

२८ **पूँजीगत खर्च -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले प्रविष्ट गरेको सुत्र प्रणालीको विवरण उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

| क्रस | शीर्षक | प्रथम चौमासिक | दोश्रो चौमासिक | तेस्रो चौमासिक | जम्मा | क्रस | शीर्षक | प्रथम चौमासिक | दोश्रो चौमासिक | तेस्रो चौमासिक |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | आवासीय भवननिर्माण/खरिद | ३०५०००० | ९००००० | २९५०००० | ३०००००० | २९५०००० | ५५२८८२९ | ११९००००० | ९४२८८२९ | ७९.२३ |
| २ | गैर आवासीयभवन निर्माण/खरिद | ४५०००० | ०.०० | ९००००० | २०७५००० | ३४००००० | ९३९२२१५ | १४०००००० | ११४६७२१५ | ८१.९१ |
| ३ | जग्गाविकास कार्य | ० | ०.०० | ०.०० | ०.०० | ०.०० | २३९३३० | १२००००० | २३९३३० | १९.९४ |
| ४ | सवारी साधन | ०.०० | ०.०० | ३००००० | २९५३१६ | ०.०० | ०.०० | ३००००० | २९५३१६ | ९८.४४ |
| ५ | मेशिनरीतथा औजार | ५००००० | ५००००० | ४७०००० | ७०००० | ०.०० | १२९४००० | २७७०००० | १८६४००० | ६७.२९ |
| ६ | फर्निचरतथा फिक्चर्स | ७५००० | ०.०० | १७५००० | ०.०० | २७५००० | ४४४६८५ | ८२५००० | ४४४६८५ | ५३.९ |
| ७ | पशुधन तथाबागवानी विकास खर्च | १६५००० | ०.०० | १४०००० | ०.०० | ६०००० | ३६२८७३ | ९७५००० | ३६२८७३ | ३७.२२ |
| ८ | अनुसन्धानतथा विकास सम्बन्धी खर्च | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | २३१६२० | ७९५००० | २३१६२० | २९.१३ |
| ९ | पूँजीगतपरामर्श खर्च | १०००००० | ०.०० | १०००००० | ०.०० | १०००००० | ३३७९३८५ | ७७०२४७४ | ३३७९३८५ | ४३.८७ |
| १० | सुरक्षाप्रणाली तथा उपकरण प्राप्ति खर्च | ३५००००० | १६८५२९१ | ३५००००० | १४१०० | ४०००००० | २७३७७७६ | १४६००००० | ४४३७१६७ | ३०.३९ |
| ११ | सडक तथापूल निर्माण | ४०४९६६६५ | १३९६२७१ | ८२५०००० | ९६२२३२४ | १२७५०००० | ५२२४१३६४ | ६८४१५६३५ | ६३२५९९५९ | ९२.४६ |
| १२ | विद्युतसंरचना निर्माण | ५००००० | ६१९५० | १७५०५०० | ८९५६५ | ०.०० | ३७१८२८ | २४५०५०० | ५२३३४३ | २१.३६ |
| १३ | तटबन्ध तथाबाँधनिर्माण | ४०९००० | ०.०० | ४०८००० | ०.०० | ४०८००० | १२४२३०० | १६३१००० | १२४२३०० | ७६.१७ |
| १४ | सिंचाईसंरचना निर्माण | ७४३२००० | ०.०० | ७२४९००० | ३९०४०१६ | ६९९८००० | १६५५४६३३ | २९२४५००० | २०४५८६४९ | ६९.९५ |
| १५ | खानेपानीसंरचना निर्माण | १५७५००० | ७२५२२५ | ११५०००० | १५००० | ४००००० | १५८५५३५ | ४२१०००० | २३२५७६० | ५५.२४ |
| १६ | अन्यसार्वजनिक निर्माण | ३५९१७७०४ | ७९६११०७ | २२०६६००० | १५३५५२८० | २७९९१००० | २८७५३४०१ | ११८२९६४५ ५ | ५२०६९७८८ | ४४.०२ |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १७ | पूँजीगतअनुसन्धान तथा परामर्श | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ३९६००० | ५००००० | ३९६००० | ७९.२ |
| | **कुल जम्मा** | ९५०७०३६८ | १३२२९८४४ | ५०३०८५०० | ३४४४०६०१ | ६०२३२००० | १२४७५५७७४ | २८०८१६०६४ | १७२४२६२१९ | ६१.४ |

पालिकाको सुत्र प्रणालीमा उपलब्ध विवरणअनुसार वार्षिक बजेट रु.२८ करोड मध्ये रु.१७ करोड २४ लाख निकासा/खर्च(६१ प्रतिशत) भएकोमा प्रथम चौमासिकमा रु.१ करोड ३२ लाख (८ प्रतिशत), दोस्रो त्रैमासिकमा रु.३ करोड ४४ लाख(२० प्रतिशत) र तेस्रो चौमासिकमा रु.१२ करोड ४८ लाख(७२ प्रतिशत) खर्च गरेको देखिएको छ । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

**(विस्तृत विवरण बेरूजु दफा २८ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

२९ **वितरणमुखी खर्च -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले उपयोगिता सिर्जना हुने गरी अधिकतम प्रतिफल दिने कार्यक्रम छनौट गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । पालिकाले संलग्न अनुसुची बमोजिमका कार्यक्रम तथा शिर्षकमा बजेट विनियोजन गरि खर्च गरेकोमा सञ्चालित कार्यक्रम वितरणमुखी, न्यून बजेट एवं नतिजा मापन गर्न सक्ने किसिमको नदेखिएकोले पालिकामा उपलब्ध श्रोतलाई वास्तविकता र आवश्यकतामा आधारित गरी पारदर्शी तवरले परिचालन गर्नुपर्दछ । वितरणमुखी खर्चलाई नियन्त्रण गर्नुका साथै उक्त सामाग्री सम्वन्धित लाभग्राहीले बुझेको भरपाई, लाभग्राहीको परिचय पत्र नम्वर तथा सम्पर्क नम्वर खुल्ने कागजात श्रेस्तासाथ संलग्न गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

| क्रस | कार्यक्रम वाक्रियाकलाप | विनियोजन | खर्च |
|---|---|---|---|
| १ | ५० प्रतिशतलागत साझेदारीमा दाना बनाउने तथा घास काट्ने मेसिन वितरण | २००००० | १५५००० |
| २ | अतिविपन्नलाई बाखा वितरण संयुक्त दलित एकता समाज | १४४००० | १४४००० |
| ३ | अतिविपन्नलाई विद्युत तार खरिद गरी वितरण | ५०५०० | ५०००० |
| ४ | अतिविपन्नजस्तापाता वितरण | १५०००० | १५०००० |
| ५ | किसानहरुलाईटनेल तथा मल्चिंग प्लास्टिक वितरण | ५००००० | ३३१५०० |
| ६ | कोही भोकोनरहोस अति विपन्न सहयोग कार्यक्रम | १००००० | ९९८६० |
| ७ | खानेपानीपाइप खरिद गरी नगर कार्यपालिकाको निर्णयानुसार वितरण | १२००००० | ११६६३०० |
| ८ | खारखोलासुनौलो विकानी बालशिक्षा सहयोग | ६०००० | ६०००० |
| ९ | खेलकुदसामग्री खरिद र वितरण साथै अन्य खेलकुद सम्वन्धित कार्यक्रम | ८५०००० | ८५०००० |
| १० | टोल विकाससंस्थालाइ सहयोग | १००००० | ४६५६० |
| ११ | तार जालीखरिद तथा वितरण | १५०००० | १५०००० |
| १२ | पत्रपत्रिका संचार सहयोग | ५०००० | ५०००० |

| | | | |
|---|---|---|---|
| १३ | फलफूलविरुवा खरिद र वितरण | ७५००० | ७५००० |
| १४ | रोगप्रतिरोधात्मक क्षमता बढाउन जेष्ठ नागरिकहरुलाई औषधी वितरण | ३०००० | ३०००० |
| १५ | रौथानेबाली उत्पादन प्रशोधन तथा बजारीकरण सहयोग (कोदोजौफापर काक्रा-स्कुस) का लागिपकेट कार्यक्रम | २००००० | १६३४०० |
| १६ | लहरे बालीतथा विभिन्न तरकारीको बिउ बिजन वितरण (७५%२५ अनुदान ) | २००००० | १४०२५० |
| १७ | वडाअध्यक्ष साना पूर्वाधार विकास सहयोग | ५००००० | २८३९५९ |
| १८ | वडा बालसंरक्षण समिति सहयोग | ५०००० | ४९१५० |
| १९ | विद्युत ताखरिद तथा वितरण | २००००० | ९३४४० |
| २० | विद्युततार पो खरिद गरी आवश्यकता अनुसार कार्यपालिका बैठकबाट निर्णय गरी वितरण | १५००००० | २९०३३८ |
| २१ | विभिन्नसंघ संस्था सहयोग | ७५००० | ७५००० |
| २२ | श्री नमुनामावि गुरुङचौरी सामाग्री खरिद | १५०००० | १४८२६० |
| २३ | संघ संस्थासहयोग कार्यक्रम | १०५०००० | १०१८६९९ |
| २४ | सञ्चारसामाग्री प्रसारण तथा छपाई (सञ्चार र पँहुच अभियान सञ्चालान) | १५०००० | १५०००० |
| २५ | साना सिचाईबिकास कार्यक्रम (निर्माण मर्मत सम्भार तथा पाइप वितरण) | १२००००० | ७७०९४४ |
| २६ | सामाग्रीढुवानी इन्धनसंचार कार्यालय व्यवस्थापन तथा संचालन | २००००० | १००३७१ |
| २७ | स्तनपायीआमाहरुलाई दुग्ध वर्द्धक औषधी खरिद वितरण | २५००० | २५००० |
| **जम्मा** | | **९१५९५००** | **६६६७०३१** |

सैद्धान्तिक बेरुजु

३० **कानुनी सल्लाहकार -** स्थानीय सरकार संचालन ऐन २०७४ तथा गाउँ तथा नगरसभाका सदस्यहरुले पाउने सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०७५ मा कानुनी सल्लाहकार नियुक्ति सम्बन्धमा व्यवस्था गरेको छैन ।तर पालिकाले सुरेन्द्र वस्नेतलाई कानूनी सल्लाहकारका रुपमा २०७९श्रावण-०८० आषाढसम्म रु.४५१४९० भुक्तान गरेको स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८३(८) मा तोकिएको भन्दा फरक पदमा कर्मचारी पदपुर्ति गर्न नहुने व्यवस्था विपरित देखिएकोले अनियमित रु

साथै, उपरोक्तानुसार नियमित रुपमा तलव भत्ताकै स्वरुपमा न्यायीक समितिमा रहि कार्य गरेबापत सुरेन्द्र बस्नेतलाई वर्षभर रु.४५१४९०, बन बाटो लगायतका मुद्दाका लागि वर्षभर रु.२८६९९० र अन्य अदालती कार्यका लागि ब्रम्हदेव चौधरीलाई रु.३९१८२० समेत जम्मा रु.११३०३०० भुक्तान भएको छ । अदालति प्रक्रिया वा कानूनी प्रक्रियामा पालिकाको खर्च उल्लेख्य भएको र १ जनालाई नियमित तलव भत्ताकै स्वरुपमा रकम खर्च भएको अवस्थामा थप खर्च भएको उपयुक्त नदेखिएकोले नियन्त्रण गर्नुपर्ने देखिएको छ ।

| अनियमित भएको | ४,५१,४९० |
|---|---|

३१ **अद्यावधिक पेश्की बाँकी**

........... (प्रारम्भिक प्रतिवेदन उपर पेश्की फस्यौंट भएको आधारमा मिति २०८०।१२।३० को निर्णयबाट रु.१०४,१८७,५९०।- सम्परीक्षण गरिएको ।)

३२ **संघ समपुरक**

३२. राष्ट्रिय योजना आयोगले जारी गरेको समपुरक अनुदान सम्बन्धी कार्यविधि, २०७७ को बुदाँ नं ६(१) मा
१ नेपाल सरकारले समितिले छनौट गरेको आयोजना/कार्यक्रम कार्यान्वयनको लागि त्यस्तो आयोजना र कार्यक्रम कार्यान्वयन गर्नु पर्ने आवश्यकता, प्राथमिकता, आयोजन/ कार्यक्रम कार्यान्वयनबाट हुनसक्ने उपलब्धी, आयोजना र कार्यक्रमको दिगोपना समेतको आधारमा प्रदेश वा स्थानिय तहलाई कुल लागतको अधिकतम ५० प्रतिशत रकम सपुरक अनुदान प्रदान गर्न सक्ने व्यवस्था छ । पालिकाले मिति २०७८।९।२६ मा ठे नं २।०७८।७९ अन्तर्गत खरिद व्यवस्थापन गरी रु.२७७३६४०(मुअकर समेत) मा सम्झौता र रु.२७१७८९४ मा कार्य सम्पन्न गरेको मगर्नी खोलामा स्ल्याव कल्भर्ट निर्माण कार्यको संघ सरकारको लागत सहभागिता रु.३११०७४ बढी खर्च गरेको छ । कार्य सम्पन्न रकम रु.२७१७८९४ मध्ये रु.१३५८९४७ सम्म मात्रै खर्च गर्न सक्नेमा बढी खर्च लेखेको अनियमित रु

| | |
|---|---|
| अनियमित भएको | ३,११,०७४ |

३२. **प्रतिलिपि विल**
२ ........... (प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८१।१।१६ को निर्णयबाट रु.१,०४८,१६०।- सम्परीक्षण गरिएको ।)

३३ **प्रदेश समपुरकबाट खर्च -** कोशी प्रदेश सरकारले जारी गरेको प्रदेश समपुरक अनुदान सम्बन्धी कार्यविधि, २०७५ को दफा ४ मा आयोजनाको प्रकृति, प्राथमिकता, आवश्यकता, प्राप्त हुनसक्ने सम्भाव्य उपलब्धी, दिगोपना आदिको आधारमा कूल लागतको बढीमा सत्तरी प्रतिशत रकम प्रदेश सरकारले समपुरक अनुदानको रुपमा प्रदान गर्न सक्ने व्यवस्था छ । प्रदेश सरकारको ४० लाख र पालिकाको रु.१२ लाख लागत सहभागिता रहने गरी (ठे नं २-२०७९।८०) बेल्टारे निर्माण सेवासँग भचुवा कभर्ड हल निर्माण कार्यका लागि रु.३८ लाखमा सम्झौता भई २.६५ प्रतिशत थप भेरिएसन पश्चात रु.४००३४९१ मा कार्य सम्पन्न भएको छ । उक्त कार्यको भुक्तानी गर्दा प्रदेश सरकारको बढीमा रु.३०७९४८५ खर्च गर्न सक्नेमा सबै खर्च प्रदेश श्रोतबाट गरी पालिकाको सहभागिता कायम नभएबाट प्रदेश सरकारको रु.९२४००६ बढी खर्च गरेको नियमसम्मत नदेखिएको रु

| | |
|---|---|
| अनियमित भएको | ९,२४,००६ |

३४ **अनुदान/वितरण अनुगमन -** सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । पालिकाले संलग्न अनुसूची बमोजिमका विभिन्न २३ क्रियाकलाप (कृषि, पशु, शैक्षिक सेवा, सामान खरिदमा तथा विभिन्न सहकारी संस्था) मार्फत बीउपूँजी तथा अनुदानमा रु.२ करोड ३८ लाख विनियोजन गरी रु.२ करोड २५ लाख खर्च गरेको छ । सो बमोजिम यस आर्थिक वर्षमा पालिकाबाट वितरण भएको अनुदान एवं गत विगतमा भएका अनुदान कार्यक्रमको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन नगरेको र अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेको छैन । तसर्थ, अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश

तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

**(विस्तृत विवरण बेरूजु दफा ३४ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

३५ **बहाल कर -** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ मा उपभोक्ता समितिसँग काम गराउने कार्यविधि निर्धारण गरिएको र ९७(६) मा उपभोक्ता समितिले भुक्तानी लिनुपर्दा प्राविधिक मुल्यांकन, बिल, भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति वा समुदायको बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था छ । साथै, आयकर ऐन २०५९ को दफा ९२ बमोजिम एकलौटी फर्म बाहेकका प्राकृतिक व्यक्तिको सवारी वा ढुवानी साधनको भाडा वा ढुवानी सेवा बापतको भुक्तानी १० प्रतिशत बहाल कर असुल गर्नुपर्नेमा निम्नानुसारका योजनामा असुल नगरेकोले सम्बन्धितबाट रु.२०९८९६ असुल गर्नुपर्ने रु

| भौन र मिति | योजना/उपभोक्तासमिति | मूल्यांकन | भुक्तानी | बहालरकम | छुटेकोकर |
|---|---|---|---|---|---|
| १६६-२।१४ | अभिनारायण टोल बाटो उ स | २६१३८८ | २२३५०४ | ७६९२३ | ७६९२ |
| १६५-२।१४ | कामना चोकबाट रातोपती सडक | ३७४७८४ | ३००००० | ७९२०० | ७९२० |
| १६४-२।१४ | अम्बानी झौखेल जाने बाटो | ३५३४८१ | ३००००० | ७६२५५ | ७६२५ |
| १६३-२।१४ | कुंवरको घरदेखी बरबोटे जाने बाटो | ३५८९४९ | २९८५९९ | ३६००० | ३६०० |
| १५४-१।२७ | प्राङ्गणमा माटो भर्ने कार्य | २९९७६१ | २४९३६२ | ८७८०८ | ८७८० |
| १४८-१।२६ | मुनाल चोकटावर टोल उस | २९०२३२ | २५०००० | ९३७४३ | ९३७४ |
| १४२-१।२५ | पुरन्दह तल्लो बल्धी उस | २३२८६७ | १९९१४९ | १६७९२३ | १६७९२ |
| १३९-१।१० | मुस्कान चोक देखी बाटो | ५८०१९४ | ५००००० | ५५५५० | ५५५० |
| ११६-१२।२४ | बुद्धचोक नेवारेटोल उस | ४६१९७१ | ३९७७१० | ६४७३५ | ६४७३ |
| २-९।५ | पुरन्दह चोक देखि प्रगती टोल जाने मर्मत | ४२७३१८ | ३४१५७२ | २०७०३४ | २०७०३ |
| ३-९।५ | तीर्थ ब खड्काको घरदेखी मनहरा टोल जाने बाटो | ५६९७५० | २५०८७१ | २७५३८० | २७५३८ |
| ४-९।५ | तपेश्वरी रामपुर सडक मर्मत बेलहा | ७१०८१५ | ३४५००९ | २०१२४२ | २०१२४ |
| १२-३।२१ | छोटो माझटोल सडक | १८३७५३६ | १०३८३१६ | १२१३२० | १२१३२ |
| ६-९।५ | अनन्त कृषिमार्ग उस | ५७१११५ | २५०४८७ | २७७२०९ | २७७२१ |
| ७-९।६ | बेलका बाटिका जाने बाटो उस | ५७२७०३ | २५०४९१ | २७८७१८ | २७८७२ |
| **जम्मा** | | **७९०२८६४** | **५१९५०७०** | **२०९९०४०** | **२०९८९६** |

तोकिएबमोजिम व्यवसायीक प्रयोजनमा दर्ता नभएका ढुवानीका साधनमार्फत कार्य गराई दर विश्लेषणमा समावेश भएको यातायातको लागतमा रहेको बहाल छुट्याई भुक्तानी दिनुपुर्व सो बमोजिम बहाल कर दाखिला भए नभएको यकिन गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

| असुल गर्नुपर्ने | २,०९,८९६ |
|---|---|

३६ **प्रोत्साहनमा कर कट्टी -** आयकर ऐन, २०५८ को दफा ८७, ८८ र ८९ मा वार्षिक आयको गणना र पारीश्रमिक कर कट्टी सम्बन्धमा व्यवस्था रहेका छन् । पालिकाले नगर प्रहरी लगायत कर संकलकलाई वर्षभर भौ न ३४-६।५ लगायतबाट रु.३०९३४७ भुक्तान गरेकोमा ऐन बमोजिम करकट्टी गरेको छैन । अत : कर कट्टी गर्न छुट भएको पारिश्रमिक कर रु.४६४०२ सम्बन्धितबाट असुल गरी संघीय संचित कोष दाखिला गर्नुपर्ने रु

| असुल गर्नुपर्ने | ४६,४०२ |
|---|---|

३७ **कर कट्टी -** आयकर ऐन, २०५८ को दफा ८७, ८८ र ८९ मा वार्षिक आयको गणना र पारीश्रमिक कर कट्टी सम्बन्धमा व्यवस्था रहेका छन् । पालिकाले नगर प्रतिरक्षा र अदालती फैसला कार्यान्वयनका लागि भौ.न. १४९९ लगायतबाट ब्रम्हदेव चौधरीलाई रु.३९१८२० भुक्तान गरेकोमा ऐन बमोजिम करकट्टी नगरेको वा कर विजक प्राप्त गरेको छैन । अत : कर कट्टी गर्न छुट भएको १५ प्रतिशत कर रु.५८७७३ सम्बन्धितबाट असुल गरी संघीय संचित कोष दाखिला गर्नुपर्ने रु

| असुल गर्नुपर्ने | ५८,७७३ |
|---|---|

३८ **रोजगार प्रवर्द्धन कार्यक्रम -** बेलका नगरपालिकामा विगत वर्षदेखी रोजगार प्रवर्द्धन कार्यक्रम सञ्चालनमा रहेकोमा रोजगारसँग सम्बन्धित क्रियाकलापमा यस आर्थिक वर्ष २०७९।८० मा रु ७० लाख बजेटमध्ये निम्नानुसार रु.३२ लाख खर्च भएको छ । यस कार्यक्रम अन्तरगत ८ जना जनशक्तिलाई तलव भत्ता र दैनिक भ्रमण भत्तामा मुलभुत रुपमा खर्च भएको देखिएको देखिएको छ । जनशक्ति र उपलब्ध श्रोतको उच्चतम उपयोगका लागि कार्यक्रमको निरन्तरता सम्बन्धमा पालिकाले उपलब्धी मुल्यांकन, विश्लेषण र क्रियाकलापगत लक्ष्य प्रगति सहित विश्लेषण सहित आवश्यक निर्णय लिनुपर्ने देखिएको छ ।

| क स | क्रियाकलाप वा खर्चका शिर्षक | विनियोजन | खर्च |
|---|---|---|---|
| १ | रोजगार संयोजक र सहायकको तलव भत्ता | १०५१००० | ७८३७०४ |
| २ | रोजगारी सृजना (नेपाल सरकार) | ३०४८००० | ७९६६१२ |
| ३ | रोजगारी सृजना (आई.डि.ए.) | २३५१००० | ११०३५१३ |
| ४ | रोजगार सेवा केन्द्रको सँचालन खर्च | २६५००० | २४४२१८ |
| ५ | रोजगार सेवा केन्द्रको सुदृढिकरण (कम्प्यूटर फर्निचर फिक्चर्स क्यामरा अन्य विद्युतीय उपकरण) | ३००००० | २३७६५० |
| **जम्मा** | | **७०१५०००** | **३१६५६९७** |

| सैद्धान्तिक बेरुजु |
|---|

३९ **सुरक्षित नागरिक आवास कार्यक्रम -** सुरक्षित नागरिक आवास कार्यक्रम कायान्वयन कार्यविधि, २०७५ को दफा ५(७) अनुसार अनुदान उपलव्ध गराउदा स्थानीय तह संग सझौता भएपछी पहिलो किस्ता वापत साठी

प्रतिशत रकम उपलध गराउने र निर्माण कार्यसम्पन्न भए पस्चात अनुसुची ३ वमोजमको प्राविधिक प्रतिवेदन सहितको सिफारीसको आधारमा दोस्रो तथा अन्तिम किस्ता वापत वांकी ४० प्रतिशत अनुदान रकम उपलध गराउने व्यवस्था गरेको छ। पालिका अन्तर्गत आर्थिक वर्ष ०७७।७८ मा छनौट भएका ३६३ घरधुरीमध्ये पहिलो किस्ता रु.१४ हजारको दरले भुक्तानी भएको संख्या ३३६ रहेको र ०७९।८० मा कार्यसम्पन्न भएको ५१ जनाको रु.१७१९६८५ सहित हालसम्म रु.१३७९१४२३ खर्च भैसकेको छ । सो मध्ये ७४ लाभग्राहीलाई रु.१४ हजारको दरले प्रथम किस्ता भुक्तानी दिएकोमा कार्य सम्पन्न प्रतिवेदन पेश नहुँदै सिधै खर्च गरेको देखिएकोले पेश्की कायम हुनुपर्ने रु

उपरोक्त बमोजिम खर्च लेखिएको रकम र घरधुरी विवरण अनुसार निर्माण कार्य सम्पन्न गरी कार्यविधिको अनुसुची-३ वमोजिमको कार्यसम्पन्न प्रतिवेदन पेश हुनुपर्दछ।

| पेश्की | १०,३६,००० |
|---|---|

४० **प्रधानमन्त्री रोजगार कार्यक्रम -** स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रमलाई व्यवस्थित रुपमा सञ्चालन गर्नका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गतका ५७ जनालाई औसत करिव ५४ दिनले ३०९४ दिन रोजगारी उपलव्ध गराई रु.१७८४७२५ श्रमिक ज्याला खर्च गरेको छ । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

४१ **कर तथा शुल्क असुली -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| क स | आम्दानी शीर्षक | अनुमान | वास्तविक आय | आय प्रतिशत |
|---|---|---|---|---|
| १ | सम्पत्तीबहाल तथा पट्टा वापतको आयमा लाग्ने कर | १००००० | १८३६० | ०.१८ |
| २ | भुमिकर/मालपोत | १०००००० | १०१३७२४ | १.०१ |
| ३ | वहाल कर | २२५००० | ५४१०५५ | २.४० |
| ४ | कृषितथापशुजन्य वस्तुको व्यावसायिक कारोवारमा लाग्ने कर | १०००००० | ७९५१५५ | ०.८० |
| ५ | सरकारीसम्पत्तीको वहालबाट प्राप्त आय | १५००००० | ७९३४५० | ०.५३ |
| ६ | अन्यस्रोतबाट प्राप्त रोयल्टी | ६००००० | २२०० | ०.०० |

| | | | | |
|---|---|---|---|---|
| ७ | अन्य सेवाशुल्क तथा बिक्री | २००००० | ५०१८६० | २.५१ |
| ८ | न्यायिकदस्तूर | १००००० | १२६०० | ०.१३ |
| ९ | शिक्षाक्षेत्रको आम्दानी | १००००० | ७८००० | ०.७८ |
| १० | नक्सापासदस्तुर | १०००००० | २३२५०२ | ०.२३ |
| ११ | सिफारिशदस्तुर | २५००००० | १२११४३९ | ०.४८ |
| १२ | व्यक्तिगतघटना दर्ता दस्तुर | ४००००० | ६१५३०४ | १.५४ |
| १३ | नाताप्रमाणित दस्तुर | ५०००० | ६६०० | ०.१३ |
| १४ | व्यावसायरजिष्ट्रेशन दस्तुर | १५००००० | ११९४९५० | ०.८० |
| १५ | अन्यक्षेत्रको आय | १७७००००० | १०४४७३८१ | ०.५९ |
| १६ | न्यायिकदण्ड जरिवाना र जफत | १५००००० | ४२४२० | ०.०३ |
| १७ | प्रशासनिकदण्ड जरिवाना र जफत | १०००००० | ४५३६५० | ०.४५ |
| **जम्मा** | | **३०४७५०००** | **१७९६०६५०** | **०.५९** |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायरामा ल्याउनु पर्दछ।

सैद्धान्तिक बेरुजु

४२ **वक्यौता आन्तरिक आय -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ मा वित्तीय अधिकार क्षेत्र अन्तर्गत विभिन्न कर तथा शुल्क लगाउने र आय ठेक्का बापत बक्यौता रकम समेत असुली गर्ने व्यवस्था छ । यस स्थानीय तहले विगत र यो वर्ष बन्दोबस्त गरेको आन्तरिक आय ठेक्का उठ्न बाँकी रहेको रकमको आयगत लगत समेत तयार गरेको छैन । जसबाट उठ्नुपर्ने राजस्वको समष्टिगत लगत तयार गरी वास्तविक प्राप्तीको अभिलेख तयार गर्नुपर्ने र सोही अनुसार सम्झौताअनुसारको व्याज तथा हर्जना समेत यकिन गरी असुल गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४३ **परीक्षण प्रतिवेदन**

.......... (प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।३० को निर्णयबाट रु.**१,२९९,५००**।- सम्परीक्षण गरिएको ।)

४४ **विभाज्य कोषमा दाखिला -** प्रदेश आर्थिक ऐन, २०७८ को अनुसूची ४ को (क) मा ढुङ्गा गिट्टी बालुवा माटो चट्टान दहत्तर बहत्तर भन्नाले नदी खोल्सा खोल्सी वन क्षेत्र वा सार्वजनिक वा निजी जग्गाबाट उत्खनन् वा सकंलन गर्ने बहुमूल्य पत्थर ऐतिहासिक सांस्कृतिक महत्वका शालीग्राम वस्तु वाहेकका ढुङ्गा गिट्टी बालुवा

रोडा माटो जस्ता नदीले बगाई ल्याएको वा थिग्रिएको नदी वा खानीजन्य प्राकृतिक स्रोतलाई सम्झनुपर्ने उल्लेख छ । यस्तो प्राकृतिक स्रोतको विक्रीवाट प्राप्त राजश्व ऐनको दफा ६ को उपदफा ४ अनुसार ४० प्रतिशत रकम सम्बन्धीत प्रदेश सञ्चित कोषमा दाखिला गर्नुपर्ने उल्लेख छ । लेखापरीक्षणको क्रममा प्रारम्भिक वातावरणीय परीक्षण र त्यसले निक्यौंल गरेको परिमाण सहितको विवरण माग गरिएकोमा प्रोडेक्स ईन्जिनियरिङ्ग ईन्क प्रालीलाई रु.१२९९५०० भुक्तान गरी पालिका भरका २० खोला नदिको ईआए गरी प्रतिवेदन पश्चात २ पटक सम्म ठेक्का आव्हान गर्दा ठेक्का नलागेपछी अमानतबाट कार्य गराएकोमा उक्त प्रतिवेदन लेखापरीक्षणमा पेश नभएकोले सो सँग सम्बन्धित थप विवरण सम्बन्धमा टिप्पणी गर्न सकिएन । तथापी, प्राप्त विवरण, सुत्र प्रणाली र लेखापरीक्षणमा उपलब्ध निम्न विवरणका आधारमा पालिकाले यस वर्ष ढुंगा गिट्टी बालुवा र माटो विक्रीवाट प्राप्त गरेको रु.१४३९३८८६ को ४० प्रतिशतले हुने रकम रु.५७५७५५४ विभाज्य कोषमा पठाउनुपर्नेमा रु.२३०४८१ मात्र पठाएको देखिएकोले बाँकी रु.५५२७०७३ प्रदेश सञ्चित कोषमा दाखिला गर्नुपर्ने रु.

| आय शीर्षक | संकलित रकम (मुअकर बाहेक) | प्रदेशलाई पठाउनु पर्ने ४० प्रतिशत | पठाएको रकम | पठाउन बाँकी रकम | कैफियत |
|---|---|---|---|---|---|
| ढुङ्गा गिट्टी बालुवा माटो उत्खनन श्रोत | ९२४५४६९ | ३६९८१८८ | २३०४८१ | ३४६७७०७ | प्राप्त विवरण बमोजिम |
| | १४३९३८८६ | ५७५७५५४ | २३०४८१ | ५५२७०७३ | लेखापरीक्षण बमोजिम |
| | | | | असुल गर्नुपर्ने | ५५,२७,०७३ |

४५ **मुअकर दाखिला -** पालिकाले विभिन्न खोलाबाट अमानतबाट रु.११५३८०८४ र योजनागत रुपमा अन्य कट्टीबाट रु.४७२७००७ गरी मुअकर सहित जम्मा रु.१६२६५०९१ राजस्व नदिजन्य पदार्थ उत्खनन् कार्यबापत संकलन गरेको छ । आय ठेक्का लगाउँदा मुल्य अभिवृद्धि कर ऐन २०५२ दफा १५(३) अनुसार असूल मुअकर रु.१८७१२०५ दाखिला गर्नुपर्नेमा पालिकाले रु.१००८४०५ मात्र लेखापरीक्षण अवधिसम्म दाखिला गरेको देखिएकोले बाँकी मुअकर रु.८६२८०० संघिय संचित कोषमा दाखिला गर्नुपर्ने रु

| विवरण | मुअकरबाहेक | मुअकरसहित |
|---|---|---|
| अमानतबाटसंकलन | १०२१०६९४ | ११५३८०८४ |
| निजीवा अन्य कट्टीबाट संकलन | ४१८३१९२ | ४७२७००७ |
| **जम्मा** | **१४३९३८८६** | **१६२६५०९१** |
| | असुल गर्नुपर्ने | ८,६२,८०० |

४६ **राजश्व अभिलेख -** कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । पालिकाबाट रसिद ठेलिहरु छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा सोको पुरा अभिलेख पालिकामा आएको देखिएन । अधिल्लो आ.व.को बाँकी के कति छन एकिन गर्न सकिएन । कार्यालयबाट सवै वडाहरुमा पनि स्वचालित प्रणाली जडान गरी राजस्व सङ्कलन गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ । यसले गर्दा व्यक्तिहरुले छुट्टै रसिद छपाउने जोखिम विद्यमान रहन्छ । यसको

सम्बन्धमा तहाँ कार्यालयबाटै छानविन गर्नुपर्दछ । अतः कार्यलयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत व्यवस्थापन सम्बन्धमा विशेष ध्यान पुर्‍याउनुपर्ने देखिएको छ ।

सैद्धान्तिक बेरुजु

४७ **राजस्व असुली** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा २७ मा प्रचलित कानुनबमोजिम नेपाल सरकारलाई प्राप्त हुने राजस्व तथा अन्य सरकारी रकम कार्यालयमा प्राप्त भएपछि सोही दिन तथा सोही दिन सम्भव नभए सोको भोलिपल्ट प्रचलित ढाँचामा लेखा राखी बैङ्क दाखिला गर्नुपर्ने व्यवस्था छ। पालिकाभित्रका ९ वडामध्ये ८ वडा र पालिकाको राजस्व असुली विवरण निम्नानुसार रहेको छ । ९ मध्ये वडा नं ७ ले कुनै पनि आम्दानी नगरेको कारण सुत्रमा उक्त वडाको विवरण समेत समावेश नगरि एकमुष्ठ पालिकामा रहेको प्रतिवेदन गरेको छ । राजस्व असुली विवरणलाई व्यवस्थित अभिलेखांकन गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

| क्र स | राजस्वशीर्षक | राजस्वसंकलन गर्ने कार्यालय | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | वेलका नगरपालिका | वडा १ | वडा २ | वडा ३ | वडा ४ | वडा ५ | वडा ६ | वडा ८ | वडा ९ | जम्मा |
| १ | सम्पत्तीबहाल तथा पट्टा वापतको आयमा लाग्ने कर | ०.०० | ०.०० | ०.०० | ०.०० | ८६०.०० | १७०००. | ५००.०० | ०.०० | ०.०० | १८३६०. |
| २ | भुमिकर/मालपोत | १३७३९०.६८ | २८४४३०. | ६७८२०.७५ | ४५०६६.४६ | ७०५०७.८५ | १८१०६५.१ | १२८६५९.४ | २७१११.१५ | ७१६७२.५८ | १०१३७२३.९७ |
| ३ | वहाल कर | ३७९१३५.३५ | ११५००. | ०.०० | २४०००. | ४२२८०. | ३२६४०. | ०.०० | ७७००. | ४३८००. | ५४१०५५.३५ |
| ४ | कृषितथापशुजन्य वस्तुको व्यावसायिक कारोवारमा लाग्ने कर | ७९४२०५. | ०.०० | ९५०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ७९५१५५. |
| ५ | सरकारीसम्पत्तीको वहालबाट प्राप्त आय | ७९३४५०. | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ७९३४५०. |
| ६ | अन्यस्रोतबाट प्राप्त रोयल्टी | २२००. | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | २२००. |
| ७ | अन्य सेवाशुल्क तथा बिक्री | ५०१८६०. | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ५०१८६०. |
| ८ | न्यायिकदस्तूर | १२५००. | ०.०० | ०.०० | ०.०० | ०.०० | १००.०० | ०.०० | ०.०० | ०.०० | १२६००. |
| ९ | शिक्षाक्षेत्रको आम्दानी | २४०००. | ०.०० | ०.०० | २५००. | १७०००. | ७५००. | ०.०० | ०.०० | २७०००. | ७८०००. |
| १० | नक्सापासदस्तुर | २३२५०१.६८ | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | २३२५०१.६८ |
| ११ | सिफारिशदस्तुर | १९१२५०.३ | २९७२१०. | १९००७०. | ६८७५०.७५ | ४२५५०.३ | २४१५५१.१ | ६३५००. | २१२००.०१ | ९५३५६.९९ | १२११४३९.४५ |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १२ | व्यक्तिगतघटना दर्ता दस्तुर | ९४०००. | ६०३५४. | ७६८००. | ५५५००. | ६५६००. | १२९१००. | ४५८००. | २३७००. | ६४४५०. | ६१५३०४. |
| १३ | नाताप्रमाणित दस्तुर | ६६००. | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ६६००. |
| १४ | व्यावसायरजिष्ट्रेशन दस्तुर | ११९४९५०. | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ११९४९५०. |
| १५ | अन्यक्षेत्रको आय | १०४४७३८०.८ | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | १०४४७३८०.८ |
| १६ | न्यायिकदण्ड जरिवाना र जफत | ४२४२०. | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ४२४२०. |
| १७ | प्रशासनिकदण्ड जरिवाना र जफत | ३६८६५०. | ०.०० | ०.०० | ०.०० | ०.०० | ३५०००. | ०.०० | ५००००. | ०.०० | ४५३६५०. |
| १८ | अन्यराजस्व | १३८४८१७७.३३ | ११७१७. | २३५३६.६ | ३०२२४१.५६ | ४९५९२८.८५ | ५६१८६०.८ | ८८८४. | ८०००२७.८४ | २१२७१६.५२ | १६२६५०९०.५ |
| **जम्मा** | | २९०७०६७१.१४ | ६६५२११. | ३५८२२७.३५ | ४९८०५८.७७ | ७३३८६७. | १२०५७१७. | २४६८४३.४ | ९२९७३९. | ५१४९९६.०९ | ३४२२५७४०.७५ |

सैद्धान्तिक बेरुजु

४८ **आन्तरिक आय -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७९।८० मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रीय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ४५००३००५३ | १७९६०६५०(अन्य राजस्व बाहेक) | ४ |
| ४५००३००५३ | ३४२२५७४१(अन्य राजस्व समेत) | ७.६१ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा अन्य राजस्व बाहेक आन्तरिक आयको हिस्सा ४ प्रतिशत मात्र रहेको छ । त्यसैले, पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

४९ **विद्युत महशुल -** कोशी प्रदेश सार्वजनिक खर्चको मापदण्ड कार्यविधि र मितव्ययिता सम्बन्धी निर्देशिका २०७५ को बुँदा नं. २१ मा विजुली पानी टेलिफोन महशुल मिटर रिडिङ पछि तोकिएको समयमा भुक्तानी गरी छुट सुविधा लिने तथा जरिमाना नतिर्ने व्यवस्था मिलाउनुपर्ने उल्लेख छ । पालिकाले यस वर्ष भौ न १३५८।३।१२ र भौ न १३०७।३।५ बाट नेपाल विद्युत प्राधिकरणलाई रु.७७७४९९ भुक्तानी गर्दा रु.१२०१३१ जरिवाना भुक्तान गरेको छ । गत वर्षको लेखापरीक्षण प्रतिवेदनमा समेत यसै किसिमको व्यहोरा उल्लेख भएकोमा यस वर्ष समेत सोही अवस्था दोहोरीएको सम्बन्धमा सम्बन्धितबाट प्रष्टिकरण पेश

गर्नुपर्ने र तोकिएको समयमा विद्युत महशुल भुक्तानी छुट सुविधा लिनुपर्नेमा सो नगरी जरिवाना भुक्तान गरेको अनियमित रु

| अनियमित भएको | १,२०,१३१ |
|---|---|

५० **चालु/प्रशासनिक खर्च नियन्त्रण** - नेपाल सरकारको सार्वजनिक खर्चको मापदण्ड र मितव्ययिता सम्बन्धी निर्देशिका २०७९ कार्यान्वयनमा रहेको र स्थानीय तहले यसलाई मार्गदर्शनका रुपमा लिई छुट्टै खर्चको मापदण्ड बनाउन सक्ने व्यवस्था छ । पालिकाले यस आर्थिक वर्षमा विभिन्न चालु प्रकृतिका खर्चमा गरेको खर्च विवरणका उदाहरण निम्नानुसार रहेका छन् :

| क स | खर्च शिर्षक | विनियोजन | खर्च |
|---|---|---|---|
| १ | विविध खर्च | ६८५७८३२ | ६६०८०३७ |
| २ | ईन्धन खर्च | १४१५७००० | ११०२३७०० |
| ३ | सवारी साधन मर्मत खर्च | १०५१६०६६ | ७९६४१४१ |
| ४ | बैठक भत्ता | ५०६६२९० | ४२५९१९७ |
| ५ | पत्रपत्रिकाछपाई सूचना प्रकाशन खर्च | ६५१२००० | ४८९१३३५ |
| ६ | अनुगमनमूल्यांकन | २६३१९४४ | १३५६५२९ |
| ७ | करार सेवाशुल्क | २८४००००० | २८४००००० |
| ८ | मसलन्द तथाकार्यालय सामाग्री खर्च | ६४७७५९३ | ६४६४७०७ |
| | **जम्मा** | **८०६१८७२५** | **७०९६७६४६** |

पालिकामा मुख्य रुपमा उल्लेख भएका उपरोक्तबमोजिमका खर्च शिर्षकमा पालिकाले खुल्ला प्रतिस्पर्धात्मक खरिद व्यवहार गर्नुपर्नेमा सो नगरेको तथा तत् तत् शिर्षकबाहेक अन्य कार्यक्रम र योजनाबाट कार्यपालिकाका विभिन्न बैठकबाट पूँजीगत खर्च शिर्षकबाट रकमान्तर गरी चालु प्रकृतिका खर्च गरेको छ । त्यसप्रकारका रकमान्तरलाई बजेट संशोधन नाम दिईएतापनि सोही शिर्षकमा खर्च लेखेकोले चालु एवं प्रशासनिक खर्चको रकम यकिन गर्न सक्ने अवस्था छैन । पालिकाले प्रशासनिक एवं चालु खर्च नियन्त्रण सम्बन्धमा मापदण्ड तयार गरेको नदेखिएको वा लागु गरेको नदेखिएकोले ईन्धन, औषधी खरिद, अनुगमन मुल्यांकन र करार सेवा शुल्क लगायतका खर्चमा नियन्त्रण गर्नुपर्ने देखिएको छ ।

| सैद्धान्तिक बेरुजु |
|---|

५१ **पूर्वाधार लगानीमा स्वामित्व** - सार्वजनिक खरिद नियमावली २०६४ को नियम ६(३)मा सार्वजनिक निकायले निर्माण स्थलको व्यवस्था नभई निर्माण कार्य गर्न नहुने तथा पालिकाले निर्माण गर्ने योजनाको जग्गा स्वामित्व आफ्नो नाममा ल्याएर मात्र निर्माण सम्वन्धी कार्य गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस आर्थिक वर्षमा सञ्चालन गरेका निम्नानुसारका पूर्वाधार योजनासँग सम्बन्धित जग्गाको स्वामित्व यकिन बेगर गैरसरकारी संस्था, प्रतिनिधिमुलक सामाजिक संस्था तथा मु.अ.करमा दर्ता भएका नभएका संस्थामार्फत कार्य गराएको छ

। पालिकाले संस्थाको उद्देश्य मिल्ने र प्रतिस्पर्धा सिमित नहुने गरी प्रचलित ऐन नियमको परिधिभित्र रहेर सम्झौता गर्नु पूर्व निर्मित संरचना रहने जग्गाको स्वामित्व एकिन गरेर मात्र खरिद व्यवस्थापन गर्नुपर्दछ ।

| कस | कार्यक्रम/आयोजना/क्रियाकलापकोनाम | विनियोजन | खर्च |
|---|---|---|---|
| १ | भचुवा कभर्ड हल निर्माण आयोजना | ४००००००. | ४००००००. |
| २ | कोल्ड स्टोर कम्पाउन्ड वाल र शौचालय निर्माण आम्वासी | २५०००००. | २५०००००. |
| ३ | लेकाली खेल मैदान स्तरोन्नती | १६७४८८०.६४ | १६७४८७८.२६ |
| ४ | किरात साकेला यलम्बर पार्क निर्माण बेलका न पा १ उदयपुर | १००००००. | ९०३१३७. |
| ५ | शिवालय मन्दिर निर्माण बेलका न पा ५ घुम्ने | ७५००००. | ७१८४९९. |
| ६ | साकेला एलम्बर हाङ माङखिम निर्तमा वेलका न.पा.४ उदयपुर | ८०००००. | ७१२०९६. |
| ७ | शिवालय मन्दिर पुर्वाधार निर्माण बेलका न पा १ खयरघारी उदयपुर | ७५००००. | ६५८८४०. |
| ८ | राधाकृष्ण मन्दिर जीर्णोद्धावर बेलका न पा २ उदयपुर | ५०००००. | ३३०५०१. |
| ९ | भवारी देवी मन्दिर परिसरको अधुरो मंच घेराबेरा | २०००००. | १९४०००. |
| १० | देउराली सामुदायिक भवन मर्मत | १५००००. | १४५५००. |
| ११ | आराङ्गा खेल मैदान निर्माण | २०००००. | १४१२००. |
| १२ | शिवाजी मन्दिर निर्माण नमुना टोल | १५००००. | १२३३०८. |
| १३ | फुलबारी सामुदायिक भवन घेराबेरा | १०००००. | १०००००. |
| १४ | शिखरमाडी चर्च घेराबेरा | १०००००. | १०००००. |
| १५ | माङ्गफाङ्ग टोल साकेला थान घेराबेरा | १०००००. | १०००००. |
| १६ | श्रीयलम्बर हाङ किराँत सेवा संस्था घेराबेरा | १०००००. | ९६२२१. |
| १७ | महिला भवनछोटे | १०००००. | ९४३१९. |
| १८ | दोर्जे गुम्बा मर्मत | १०००००. | ७६९८६. |
| जम्मा | | १३२७४८८०.६४ | १२६६९४८५.२६ |

सैद्धान्तिक बेरुजु

५२ **धार्मिक कार्यमा खर्च -** पालिकाले समग्र भौतिक, आर्थिक तथा सामाजिक विकासमा सहयोगी हुने र दिर्घकालीन लाभका क्षेत्र पहिचान गरी प्राथमिकताका आधारमा बजेट विनियोजन गरि कार्यक्रम सञ्चालन गर्नुपर्नेमा निम्नानुसारका १७ धार्मिक कार्यसँग सम्बन्धित टुक्रे योजनामा भुक्तानी दिएको छ । योजना छनोटको चरणमा समुदायलाई पर्याप्त अभिमुखिकरण नगरेको तथा जनप्रतिनिधिले अल्पकालिन लाभका लागि टोल क्षेत्र र समुदायको माग बमोजिम बजेट विनियोजन गर्ने प्रवृत्तिमा नियन्त्रण गर्नु जरुरी देखिएको छ ।

| कस | कार्यक्रम वाक्रियाकलाप | विनियोजन | खर्च |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| १ | पौडेल सांस्कृतिक मन्दिर निर्माण | ६००००. | ६००००. |
| २ | बेलका बाटिकाको शिव मन्दिर मर्मत | १५००००. | ४७४१९ |
| ३ | भवारी देवी मन्दिर परिसरको अधुरो मंच घेराबेरा | २०००००. | १९४०००. |
| ४ | गणेश मन्दिर निर्माण सिद्धार्थ टोल | ५००००. | ४८५००. |
| ५ | राजाजी मन्दिर डाडाटोल | १०००००. | ९७९७८. |
| ६ | सुबास बस्नेतको घरदेखि दुर्गा मन्दिर जाने बाटो ग्राभेल गर्ने | २०००००. | १९४०००. |
| ७ | नयाँ राजाजी मन्दिर घेरावेरा सातपत्रे | १०००००. | ९७०००. |
| ८ | शिवाजी मन्दिर निर्माण नमुना टोल | १५००००. | १२३३०८. |
| ९ | राधाकृष्ण मन्दिर त्रिवेणी रंगरोगन तथा व्यवस्थापन खर्च | १०००००. | ९४४१२. |
| १० | पाँचकन्या देवीस्थान मन्दिर मर्मत सम्भार | ५००००. | ४८५००. |
| ११ | त्रिलोकेश्वर शिवालय मन्दिर मर्मत संभार | १०००००. | ९७०००. |
| १२ | शिव विष्णु मन्दिर मर्मत | १०००००. | ९५३१७. |
| १३ | शिवालय मन्दिर पुर्वाधार निर्माण बेलका न पा १ खयरघारी उदयपुर | ७५००००. | ६५८८४०. |
| १४ | शिवालय मन्दिर निर्माण बेलका न पा ५ घुम्ने | ७५००००. | ७१८४९९. |
| १५ | राधाकृष्ण मन्दिर जीर्णोद्धावर बेलका न पा २ उदयपुर | ५०००००. | ३३०५०१. |
| १६ | शिखरमाडी चर्च घेराबेरा | १०००००. | १०००००. |
| १७ | नेपाल प्रतापी मण्डलीमा रहेको अपुरो सौचालय निर्माण बेनपा | १०००००. | ९०२१०. |
| **जम्मा** | | **३५६००००.** | **३०९५४८४** |

सैद्धान्तिक बेरुजु

५३ **भ्रमण खर्च सम्बन्धमा -** नेपाल सरकारको सार्वजनिक खर्चको मापदण्ड र मितव्ययिता सम्बन्धी निर्देशिका २०७९ कार्यान्वयनमा रहेको र स्थानीय तहले यसलाई मार्गदर्शनका रुपमा लिई छुट्टै खर्चको मापदण्ड बनाउन सक्ने व्यवस्था छ । साथै, आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४१ मा अधिकारप्राप्त अधिकारीले सरकारी रकम खर्च गर्दा सुनिश्चित र यकिन हुनुपर्ने विषय उल्लेख गरेको र नियम ३९ मा सरकारी रकम खर्च गर्ने कार्यवधि सम्बन्धमा परिपालना सम्बन्धित विभिन्न व्यवस्था छन् । पालिकाले यस आर्थिक वर्षमा कर्मचारी र पदाधिकारी बैठक भत्ता लगायतमा रु.४२३८१९७ र ८ महिनाको कर्मचारी प्रोत्साहनमा रु.१४२२७२० खर्च गरेको छ ।पालिकाले भ्रमण अभिलेख खाता अद्यावधिक तवरले नराखेको कारण प्रोत्साहन खर्च लेखेको अवधि र भ्रमण अभिलेख तथा बैठक भत्ता भुक्तानी गर्दा दैनिक भ्रमण भत्ता उपयोग गरेको अवधि दोहोरो परे नपरेको यकिन गर्न सक्ने आधार छैन । दैनिक भ्रमण भत्ता भुक्तान भएको अवधिमा प्रोत्सान भत्ता भुक्तान भए नभएको यकिन गरि पेश गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

५४ **घर भाडा भुक्तानी** - आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४१ मा अधिकारप्राप्त अधिकारीले सरकारी रकम खर्च गर्दा सुनिश्चित र यकिन हुनुपर्ने विषय उल्लेख छ । साथै, नियम ३९ मा सरकारी रकम खर्च गर्ने कार्यवधि सम्बन्धमा परिपालना सम्बन्धित विभिन्न व्यवस्था छन् । पालिकाले यस आर्थिक वर्षमा घर भाडाबापत वर्षभर रु.१२४४०० भुक्तान गरेको देखिएकोले कुन कुन स्थानमा भाडामा रहेको हो सो को विवरण सहित पालिकाको आफ्नै संरचना रहेकै अवस्थामा प्रयोजन स्पष्ट नभएको तथा मितव्ययी देखिएको छैन । पालिकाको दैनिक कार्य सञ्चालनका लागि आवश्यक पर्ने संरचनाको विद्यमान अवस्था मुल्यांकन र विश्लेषणपश्चात मात्रै घर भाडा सम्बन्धि आवश्यक निर्णय लिनेतर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

५५ **गैससमार्फत महशुल भुक्तानी** - आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४१ मा अधिकारप्राप्त अधिकारीले सरकारी रकम खर्च गर्दा सुनिश्चित र यकिन हुनुपर्ने विषय उल्लेख छ । साथै, नियम ३९ मा सरकारी रकम खर्च गर्ने कार्यवधि सम्बन्धमा परिपालना सम्बन्धित विभिन्न व्यवस्था छन् । पालिकाले यस आर्थिक वर्षमा पानी तथा विजुली महशुल र सडक मर्मत लगायतका कार्य बापत ठोक्सिला उर्जा तथा ग्रामिण विकास केन्द्रलाई भौ नं ६१३, ११०१ र १३३६ बाट रु.१३९७०५२ भुक्तान गरेको देखिएको छ ।उक्त संस्थामार्फत कार्य गराउँदा संस्था छनौट, सम्बन्धित संस्थाको दर्ता र उक्त संस्थाले कर विजक जारी समेत गर्ने नदेखिएकोले उक्त संस्थासँगको कारोबारसँग सम्बन्धित प्रमाण, आधार र पुष्टयाई पेश गर्नुपर्ने रु

| प्रमाण पेश नगरेको | १३,९७,०५२ |
|---|---|

५६ **सम्झौताभन्दा बढी भुक्तानी** - आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४१ मा अधिकारप्राप्त अधिकारीले सरकारी रकम खर्च गर्दा सुनिश्चित र यकिन हुनुपर्ने विषय उल्लेख छ । साथै, नियम ३९ मा सरकारी रकम खर्च गर्ने कार्यवधि सम्बन्धमा परिपालना सम्बन्धित विभिन्न व्यवस्था छन् । खेलकुद प्रवद्धन कार्यक्रम अन्तर्गत विजयमान थापासँग रु.१५०००० उपलब्ध गराउने गरी वडा सचिवले मिति २०७९।६।२५ मा सम्झौता गरेकोमा रकम नपुग भएको व्यहोरा सहित कार्यपालिका निर्णयबाट रु.३०१९५० भुक्तानी दिएको देखिएकोले (भौ न १९९, ५०, १७६ र १४६७) सम्झौताभन्दा बढी भुक्तान भएको रकम सम्बन्धितबाट असुल गर्नुपर्ने रु

| असुल गर्नुपर्ने | १,५१,९५० |
|---|---|

५७ **फर्निचर र फर्निसिङ्ग** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(१२) अनुसार कार्यालय प्रमुखले कुनै बजेट उपशिर्षकमा विनियोजित रकम अपर्याप्त छ र सो रकम खर्च नगरेमा सरकारी हानी नोक्सानी हुने वा सरकारी काममा वाधा पर्ने देखेमा सोको स्पष्ट कारण खुलाई सोही उपशिर्षकको अर्को खर्च उपशिर्षकको मौज्दात रकमबाट खर्च गर्न सक्ने र त्यस्तो खर्च भएको रकम नियम ४३ बमोजिम

नियमित गराउने दायित्व खर्च गर्ने अधिकारीको हुने व्यवस्था छ । पालिकाले भौ न १४८४-३।२२ बाट फर्निचर फर्निसिङ्गका लागि वर्षान्तमा रु.४८८७३७ भुक्तान गरेकोमा विभिन्न शिर्षकबाट बचत रहेको रकमबाट खर्च लेखेको छ । फरक खर्च शिर्षकबाट रकम भुक्तानी नियमावलीको व्यवस्था विपरित देखिएको रु

| | |
|---|---|
| अनियमित भएको | ४,८८,७३७ |

५८ **फरक शिर्षकमा खर्च -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(१२) अनुसार कार्यालय प्रमुखले कुनै बजेट उपशिर्षकमा विनियोजित रकम अपर्याप्त छ र सो रकम खर्च नगरेमा सरकारी हानी नोक्सानी हुने वा सरकारी काममा वाधा पर्ने देखेमा सोको स्पष्ट कारण खुलाई सोही उपशिर्षकको अर्को खर्च उपशिर्षकको मौज्दात रकमबाट खर्च गर्न सक्नेछ । त्यस्तो खर्च भएको रकम नियम ४३ बमोजिम नियमित गराउने दायित्व खर्च गर्ने अधिकारीको हुने व्यवस्था छ । पालिकाले निम्नानुसार फरक खर्च शिर्षकबाट रकम भुक्तानी गरेको नियमावलीको व्यवस्था विपरित देखिएको रु.

| क स | विवरण | रकम |
|---|---|---|
| १ | विपद जोखिम व्यवस्थापन तथा जलवायु अनुकुलन शिर्षकबाट भएको पुल उदघाटन तथा अन्य प्रयोजनको खर्च | १७७७८९ |
| २ | आदिवासी जनजाती लक्षित कार्यक्रमबाट ल्यापटप खरिद | ४७००० |
| ३ | अपाङ्ग लक्षित कार्यक्रमबाट वेठक भत्ता | ४४४०० |
| ४ | बालमैत्री वडा घोषणा कार्यक्रमबाट बैठक भत्ता | ६१००० |
| ५ | अन्य शुल्कबाट डोर हाजिरका व्यक्तिलाई ज्याला | १४४९०० |
| ६ | भूमि व्यवस्थापनको खर्च नेपाल मगर संघको पोशाक खरिद | ५०००० |
| ७ | करदाता सचेतना कार्यक्रमको खर्च सुधार योजना प्रतिवेदनका लागि भुक्तानी | १००००० |
| ८ | वडा कार्यालय सभा हल निर्माणको खर्च खानेपानी पाईप खरिद र वितरण र सुधार योजना प्रतिवेदनका लागि भुक्तानी | ३८८४६५ |
| **जम्मा** | | **१०१३५५४** |

| | |
|---|---|
| अनियमित भएको | १०,१३,५५४ |

५९ **नियमको परिपालना सम्बन्धमा -** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४१ मा अधिकारप्राप्त अधिकारीले सरकारी रकम खर्च गर्दा सुनिश्चित र यकिन हुनुपर्ने विषय उल्लेख छ । साथै, नियम ३९ मा सरकारी रकम खर्च गर्ने कार्यविधि सम्बन्धमा परिपालना सम्बन्धित विभिन्न व्यवस्था छन् । पालिकाले निम्नानुसारको भुक्तानीमा कारोबारसँग सम्बन्धित प्रमाण, आधार र पुष्टयाई सहितको कागजात संलग्न बेगर खर्च गरेको रु

| क स | भौ न र मिति | विवरण | रकम | सान्दर्भिक व्यहोरा |
|---|---|---|---|---|
| १ | २२/ ६ - ३० | ०७८/ ७९ को सामाजिक सुरक्षा भत्ता वितरण गर्न गाडी रिजर्भ | ३५००० | भुक्तानी बाँकीको प्रामणित विवरण पेश गर्नुपर्ने तथा थप आर्थिक व्ययभार परेको नियम संगत नदेखिएको |

| | | | | |
|---|---|---|---|---|
| २ | ६१/ १० - १३ | सामाजिक सुरक्षा भत्ता वितरण गर्न गाडी रिजर्भ | २४००० | सामाजिक सुरक्षा भत्ता वितरणमा थप आर्थिक व्ययभार परेको नियम संगत नदेखिएको |
| ३ | ८९/ १२ - २ | सामाजिक सुरक्षा भत्ताको दोस्रो किस्ता वितरण गर्न गाडी रिजर्भ | २७००० | सामाजिक सुरक्षा भत्ता वितरणमा थप आर्थिक व्ययभार परेको नियम संगत नदेखिएको |
| ४ | २६४/ ३ - २२ | गरिबी निवारणका लागी लघु उद्यम कार्यक्रम अन्तर्गत खरिद गरिएको काठको सामान( तान ) | १२२२२० | हस्तान्तरण गरेको कागजाग पेश गर्नुपर्ने तथा उक्त सामानको हालको अवस्था खुल्नुपर्ने |
| ५ | ११८/ १२ - २४ | मातृ तथा नवशिशु कार्यक्रमबाट भ्याक्सिन रेफ्रिजिरेटर खरिद भएको | ३८९९९९ | खरिद पूर्व स्पेशिफिकेशन तयार नभएको तथा पालिकाबाट खरिद निर्णय नभएकोले अनियमित देखिएको |
| | | | अनियमित भएको | ५,९८,२१९ |

६० **विविध कार्यक्रम खर्च -** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४१ मा अधिकारप्राप्त अधिकारीले सरकारी रकम खर्च गर्दा सुनिश्चित र यकिन हुनुपर्ने विषय उल्लेख छ । साथै, नियम ३९ मा सरकारी रकम खर्च गर्ने कार्यवधि सम्बन्धमा परिपालना सम्बन्धित विभिन्न व्यवस्था छन् । पालिकाले पालिकाको खर्च व्यवस्थापनसँग सम्बन्धित निम्नानुसारका व्यहोरामा उल्लेखित विवरण वा कारोबारसँग सम्बन्धित प्रमाण, आधार र पुष्ट्याई पेश गर्नुपर्ने रु

| भौ न र मिति | खर्चसँग सम्बन्धित व्यहोरा | रकम |
|---|---|---|
| ४१-६।६ | विद्युत लाईन काटिएकोमा स्वास्थ्य चौकीको विल भरपाईका आधारमा व्यक्तिलाई भुक्तानी भएको देखिएकोले विद्युत प्राधिकरणलाई सोझै भुक्तानी नगरी व्यक्तिलाई दिएकोले सो को कारण, पुष्टयाई र बिल भरपाई पेश गर्नुपर्ने | ९३८० |
| ४८-६।७ | सडक सुरक्षा मर्मतका लागि ईलाका प्रहरी कार्यालय रामपुरलाई सिसिटिभी जडानका लागि रु २३६२३७ भुक्तान गरेकोमा क्यामरा पोईन्ट के कति संख्यामा रहेको, मर्मतमा कति र लागत अनुमान तयारी लगायतका कागजात समावेश नभएकोले सो योजनासँग सम्बन्धित कागजात पेश गर्नुपर्ने | २३६२३७ |
| ४०-६।५ | भ्रमण, ज्याला, पारिश्रमिक भुक्तानी भएकोमा सो को विवरण सहित खर्चको पुष्ट्याई र कागजात पेश गर्नुपर्ने | २०४००० |
| १५-५।३१ | रंगलक्ष्मी आयल सप्लायर्स प्रालीलाई आर्थिक वर्षभर रु १६३१६४६४ ईन्धन खर्च भुक्तानी भएकोमा उक्त व्यवसायीको मुअकर अन्तिमपटक २०७८।९।२९ मा रिटर्न भेरिफाईड भएको देखिएको, विद्युतिय विजक सम्बन्धि कार्यविधि २०७४ को दफा ६(झ) सँग सम्बन्धित ढाँचाको हुनुपर्नेमा सो भन्दा फरक देखिएकोले व्यवसायीसँग कर विवरण पेश भएको प्रमाण प्राप्त गर्नुपर्ने | |
| १३६३-३।१२ | आदिवासी जनजाती महासंघलाई कार्यालय सामाग्री व्यवस्थापनका लागि सहयोग अनुदान दिएको देखिएकोले सो को आधार, लागत सहभागितको अवस्था र संघ संस्थालाई सामाग्री अनुदान दिनुपर्ने कारण र पुष्ट्याई पेश गर्नुपर्ने | ९०५५० |
| १९-६।४ | डोर हाजिरमार्फत ४ जनालाई वडा नं ४ मा ऐलानी जग्गा नापजाँचबापत रु १५६००० भुक्तान भएकोमामा निजहरुसँग भएको सम्झौता वा कार्य सम्पादन गरेको पुष्टि हुने कागजात पेश गर्नुपर्ने | १५६००० |
| ३३-६।५ | करार सेवा शुल्कबाट ७ जना सवारी चालकलाई श्रावण भाद्रको डोर हाजिरको आधारमा रु २४०१२० भुक्तानी भएकोमा डाक ब श्रेष्ठमार्फत भुक्तानी भएकोले सम्बन्धितको बैंक खातामा दाखिला भएको प्रमाण सहित कार्य सम्पादनको प्रमाण पुष्ट्याई पेश गर्नुपर्ने | २४०१२० |

| | | |
|---|---|---|
| ७५-६।११, १४९५-३।२२ | मालपोत कार्यालय गाईघाटको नाममा जारी भएको बिल भरपाई र कार्यालयको पत्रको आधारमा नविन बेन्डिङ्ग सेन्टर(नन फाईलर २०७८/M/४ )लाई रु ९८७६२ र २४००१ समेत जम्मा रु १२२७६३ भुक्तान भएकोमा सम्बन्धित कार्यालयको नाममा भुक्तान नभै सोझै पार्टीलाई भुक्तान गर्नुको कारण पुष्ट्याई सहित अन्य कार्यालयको खर्च भुक्तान गर्ने आधार प्रमाण पेश गर्नुपर्ने | १२२७६३ |
| ११-६।९ | सामुसङ्ग ग्यालेक्सी मोबाईल Model A५३६(८११२८) खरिदका लागि रु ६५६५३ भुक्तान भएकोमा सो को प्रयोगकर्ता र उपयोग अवस्था खुल्ने विवरण पुष्ट्याई पेश गर्नुपर्ने | ६५६५३ |
| १५-६।१२ | आधारभूत तहका स्वीकृत दरवन्दीका शिक्षक, राहत अनुदान शिक्षकका लागि तलब भत्ता अनुदान अन्तर्गत सत्यनारायण चौधरी लगायतलाई रु ११९९७ समेत रु ३१५२४८ छुट तलवबापत खर्च निकासा दिईएकोमा सो को विवरण र पुष्ट्याई पेश गर्नुपर्ने | ३१५२४८ |
| ९३-६।१२ | अनुगमन मुल्यांकनतर्फ अर्जुन निरौलालाई रु ८५०० र जिन्सी निरिक्षण प्रतिवेदन तयारीका लागी रु ७० हजार चेतनाथ गौतम समेतलाई भुक्तानी भएकोमा सो को खर्च आधार, भरपाई र पुष्ट्याई पेश गर्नुपर्ने | ७८५०० |
| १४६५-३।२१ | एस संकल्प नेपाल प्रालीसँग मिति २०७९।११।२१ मा बालमैत्री स्थानीय शासनयुक्त वडा बनाउनका लागि सामाजिक परिचालन तथा सूचक पुरा गर्नुपर्ने गरी रु ४९९४६० मा सम्झौता भएकोमा उक्त प्राली नन फाईलर (२०७९/M/१०) देखिएकोले सम्बन्धित कर कार्यालयमा कर विवरण बुझाएको प्रमाण पेश गर्नुपर्ने | ५७४६० |
| १२६-६।१३ | विपद जोखिम व्यवस्थापन अन्तर्गत ईलाका प्रहरी कार्यालयको राशन खर्चको विल रु ५७४०० बापत किराना पसललाई भुक्तानी दिएकोमा सो खर्चको आधार र पुष्ट्याई पेश गर्नुपर्ने | ५७४०० |
| १२७५-३।१ | फर्निचर खरिदबापत बरपिपल मावि रामपुरलाई रु ९१८३८ भुक्तान भएकोमा सक्कल कर विजक प्राप्त नगरेको र खरिद भएका सामाग्री जिन्सी दाखिला प्रमाण पेश नभएको | ९१८३८ |
| १०८-१२।९ | विकासको लागि सहकार्य नेपालमार्फत रु ४९५००० मा सामाजिक परीक्षण गरिएकोमा सो को २ प्रति प्रतिवेदन जिन्सी दाखिला नभएको | ४९५००० |
| **जम्मा** | | २२२०१४९ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २२,२०,१४९ |

६१ **आमबासी भागलपुर रामपुर सडक-१ (ठेक्का नं ७-२०७९।८०)** - सार्वजनिक खरिद नियमावली २०६४ को नियम ६ (३) मा सार्वजनिक निकायले निर्माण स्थलको व्यवस्था नभई खरिद कार्य अगाडी वढाउन नहुने व्यवस्था गरेको छ। पालिकाले आमवासी पुरन्दह भागलपुर रामपुर सडक स्तरोन्नती कार्यका लागि मिति २०७९।१२।२३ गते रु.२४४६२९०४(मुअकर समेत) मा मिति २०८०।८।३० सम्म सम्पन्न गर्ने गरी सगरमाथा कन्स्ट्रक्सन प्रालीसँग सम्झौता गरेको छ । भेरिएसनपश्चात रु.२५२२६३९३ सम्झौता अंक कायम भएको यस खरिद सम्झौतामा हालसम्म पेश्कीसमेत रु.१४०४५९६३ भुक्तान भैसकेको छ । शुरु सम्झौता हुँदा लागत अनुमानको तुलनामा ४२.३० प्रतिशत घटीमा कबुल भै खरिद सम्झौता भएकोमा भेरिएसनपश्चात लागतमा वृद्धि भएको, तोकिएको अवधिमा कार्य सम्पन्न हुन नसकेको कारण व्यवसायीबाट अलाईन्मेन्ट विवाद र राईट अफ वे मा विवाद भएको व्यहोरा सहित मिति २०८०।८।१ मा म्याद थप निवेदन भएतापनि सो उपर कारवाही नभएको, डिपिआर स्वीकृती (लागत अनुमान रु.४३२५१८३३) भन्दा फरक तरिकाले लागत अनुमान परिमार्जन गरी सडकको चौडाई ९ मिटरबाट १२ मिटर कायम गरेका कारण साविकको सडक लम्बाई २१३० मीटर कायम भएको छ । निर्माणस्थलको व्यवस्था बेगर खरिद सम्झौता गरेको लगायतका

कारणबाट लेखापरीक्षण अवधिसम्म म्याद थप नभएको तथा निर्माणस्थल विवाद कायम रहेको देखिएबाट उक्त निर्माण कार्य तोकिएबमोजिम सम्पन्न हुनेमा आश्वस्त हुने आधार नदेखिएकोले सरोकारवालासँगको समन्वय र सहकार्यमा आवश्यक निर्णयसहित कार्य सम्पन्न गर्न गराउनुपर्ने देखिएको छ । साथै, निर्माण व्यवसायीलाई २ पटकमा रु.२१ लाख ५० हजार पेश्की दिएकोमा रु.६ लाख ५० हजार फछ्र्यौट नभएको तथा पेश्की जमानतको म्याद अक्टोवर २१ २०२३ मा समाप्त भैसकेकोले उक्त पेश्कीको जमानत प्राप्त गर्नुपर्ने वा मार्च ३१ २०२४ सम्म कायम रहेको रु.६९०२५०० बराबरको कार्य सम्पादन जमानतबाट जफत गर्नुपर्ने देखिएको रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६,५०,००० |

६२ **फोहोरमैला व्यवस्थापन क्षेत्र -** सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली २०६४ बमोजिम सार्वजनिक निकायले खरिद सम्झौता गरी रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले २०७९।५।१९ मा जाल्पादेवी निर्माण सेवासँग फोहोरमैला व्यवस्थापन क्षेत्र निर्माण/नमूना उद्यान निर्माणका लागि रु.७२७६३५०(मुअकर समेत) खरिद सम्झौता गरेकोमा ७८.४३ प्रतिशत कार्य गरेको व्यहोरा सहित रु.५८४४४०१ मा कार्य सम्पन्न गरेको छ । सम्झौताबमोजिम २०७९।१२।३० मा कार्यसम्पन्न नभएकोले म्याद थप गर्दा म्याद थप गर्नुपर्नाका कारण अस्पष्ट र विभिन्न व्यहोरा सहित २०८०।२।२५ सम्म म्याद थप भएको यस कार्यमा तोकिएबमोजिम कार्य नहुँदै कार्य सम्पन्न गरिएको सम्बन्धमा प्राविधिक पुष्टयाई सहित निर्मित संरचना प्रयोगमा ल्याएको प्रमाण आधार पेश हुनुपर्दछ । साथै, यस खरिद कार्यको GCC ७१.२ बमोजिम एज विल्ट नक्सा पेश नभएको रु.५० हजार र पिएस आईटममा ल्याव परिक्षणको रु.१५ हजार बराबरको बिल भरपाई श्रेस्तासाथ संलग्न रहेको छैन । अतः पिएस आईटमको बिल भरपाई पेश नभएको र कार्य सम्पन्न पश्चात एज विल्ट नक्शा पेश नभएको रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६५,००० |

६३ **एज विल्ट नक्सा -** सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली २०६४ बमोजिम सार्वजनिक निकायले खरिद सम्झौता गरी रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको र खरिद कार्यको सम्झौता हुँदा सम्झौताको शर्त बमोजिम एज विल्ट नक्शा पेश गर्नुपर्नेमा निम्नानुसारका कार्यमा पेश भएको नदेखिएकोले शर्त बमोजिम सम्बन्धित निर्माण व्यवसायीबाट असुल गर्नुपर्ने रु

| क स | विवरण | रकम |
|---|---|---|
| १ | भचुवा कभर्ड हल निर्माणका लागि ठे नं २।०७९।८० अन्तर्गत बेल्टारे निर्माण सेवासँग सम्झौता भएकोमा कार्य सम्पन्न पश्चात एज विल्ट नक्शा पेश नभएको | ५०००० |
| २ | ठे नं ४-२०७९।८० अन्तर्गत रामसागर/विकेएस जे भीसँग सोमबारे मायुङ्गटार सडक कालोपत्रे *(प्रिमिक्स)* कार्यका लागि सम्झौता भएकोमा कार्य सम्पन्नपश्चात एज विल्ट नक्शा पेश नभएको | ५००० |

| | | |
|---|---|---|
| ३ | ठे नं ४-२०७८।७९ अन्तर्गत रुपकाली कन्सट्रक्सनसँग मगर्नी खोलामा स्लाव कल्भर्ट निर्माण कार्यका लागि सम्झौता भएकोमा कार्य सम्पन्नपश्चात एज विल्ट नक्शा पेश नभएको | ५०००० |
| **जम्मा** | | **१०५०००** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,०५,००० |

६४ **आमबासी भागलपुर रामपुर सडक-२ (ठेक्का नं ९-२०७९।८०)**

६४.१ सार्वजनिक खरिद नियमावली २०६४ को नियम ६ (३) मा सार्वजनिक निकायले निर्माण स्थलको व्यवस्था नभई खरिद कार्य अगाडी वढाउन नहुने व्यवस्था गरेको छ। पालिकाले आमवासी पुरन्दह भागलपुर रामपुर सडक स्तरोन्नती कार्यका लागि मिति २०७९।१।४ गते रु.२२६४३८४० (मुअकर समेत) मा मिति २०७९।११।१५ सम्म सम्पन्न गर्ने गरी पवित्र निर्माण सेवासँग सम्झौता गरेको छ । भेरिएसनपश्चात रु.२१९५४६३९(मुअकर समेत) सम्झौता अंक कायम भएको यस खरिद सम्झौतामा शुरुवातको ९ मिटर चौडाई र १३८० मिटर लम्बाईलाई १५ मिटर चौडाई(१०३० मी) सहित १११४ मीटर कार्य भएको देखिएको छ । राष्ट्रिय योजना आयोगले जारी गरेको समपुरक अनुदान सम्बन्धी कार्यविधि, २०७७ बमोजिम कुल लागतको अधिकतम ५० प्रतिशत रकम समपुरक अनुदान प्रदान गर्न सक्ने व्यवस्था रहेकोमा पालिकाले गरेको कुल भुक्तानी रु.२१२७१२२७ भएकोमध्ये रु.५३८७३०१ मात्रै खर्च गरी बाँकी संघ सरकारले व्यहोर्ने अनुपातभन्दा रु.५२४८३१३ थप व्ययभार पर्ने गरी संघीय श्रोतबाट खर्च लेखेको अनियमित रु

| | |
|---|---|
| अनियमित भएको | ५२,४८,३१३ |

६४.२ आमबासी भागलपुर रामपुर सडक-२ (ठेक्का नं ९-२०७९।८०) निर्माण कार्यमा सडक विभागवाट स्वीकृत भएको सडक निर्माणको स्पेसिफिकेसन, २०७३ संशोधनसमेत को SECTION १३०० – BITUMINOUS SURFACE AND BASE COURSE को पृष्ठ २१५ मा ट्याक कोट प्रति वर्ग मिटर औसत ०.४ देखि ०.६ लिटरसम्म हुने उल्लेख भएकोमा ट्याक कोट स्पेसिफिकेसनमा उल्लेख गरेको परिमाण भन्दा ०.१ प्रति लिटरका दरले बढी हुने गरी गणना हुँदा रु.६६४७८ बढी भुक्तानी दिएकोले असुल गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६६,४७८ |

६५ **प्राविधिक बिल र कार्य सम्पन्न -** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले निम्नानुसारको सामान खरिदवापत निम्न आपर्तकहरुलाई रु.३८९९२०५ भुक्तानी गरेको छ । खरिद गरिएका सामानहरु वडाको सिफारिशका आधारमा वितरण गरेकोले उक्त सामान प्रयोग भएको प्राविधिक विल, कार्यसम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने रु.

| भौचर नं. | विवरण | रकम |
|---|---|---|

| | | |
|---|---|---|
| २४३।३।२० | शंकर सिमेन्ट कंक्रिट उद्योग प्रालीबाट रु ६९०५२८ बराबरको ह्यूम पाईप खरिद गरि मेयरको तोकादेशका आधारमा व्यक्तिगत एवं अन्यलाई वितरण गरिएकोमा कुन कुन योजनामा प्रयोग भएको हो सो को विवरण सहित प्रयोग अवस्था र नापी किताबमा चढेको प्रमाण पेश गर्नुपर्ने | ६९०५२८ |
| १८९।२।३१ | नेपाल विद्युत प्राधिकरणलाई फेज थपका लागी रु २२८३८८ भुक्तानी दिईएकोमा पेश्की नजनाई सोझै बजेट खर्च लेखिएकोले उक्त कार्यको कार्य सम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने | २२८३८८ |
| १९३।२।३२ | धरान ईन्जिनियरिङ्ग कन्सल्टेन्सीलाई स्टक्चर एनालाइसिस वापतको रकम भुक्तानी गरिएकोमा सो को प्रयोजन र प्रतिवेदन पेश गर्नुपर्ने | ९३७९० |
| १५५०।३।२४ | देवीका ट्रेड एण्ड सप्लायर्सबाट रु ९२७१९९ बराबरको ३ साईजका जाली संख्खा २५३ खरिद गरिएकोमा सो को प्रयोग र योजना बमोजिम नापी किताबमा चढेको प्रमाण पेश गर्नुपर्ने | ९२७१९९ |
| २७३।३।२४ | एल वि मल्टिप्रपोज कम्पनी प्रालीबाट १६ देखी ५० एमएमका रु १११५३०० बराबरको एचडीईपि पाईप वर्षान्तमा खरिद भएकोमा सो को प्रयोग अवस्था वा नापी किताबमा चढेको प्रमाण पेश गर्नुपर्ने | १११५३०० |
| **जम्मा** | | **३८९९२०५** |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३८,९९,२०५ |

६६ **प्रयोजन/पुष्ट्याई बेगरका खर्च -** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४१ मा अधिकारप्राप्त अधिकारीले सरकारी रकम खर्च गर्दा सुनिश्चित र यकिन हुनुपर्ने विषय उल्लेख छ । साथै, नियम ३९ मा सरकारी रकम खर्च गर्ने कार्यवधि सम्बन्धमा परिपालना सम्बन्धित विभिन्न व्यवस्था छन् । पालिकाले पालिकाको खर्च व्यवस्थापनसँग सम्बन्धित निम्नानुसारका व्यहोरामा उल्लेखित विवरण वा कारोबारसँग सम्बन्धित प्रमाण, आधार र पुष्ट्याई पेश गर्नुपर्ने रु

| भौ न र मिति | खर्चसँग सम्बन्धित व्यहोरा | रकम |
|---|---|---|
| १५२५-३।२३ | शैक्षिक सत्र वैशाखमा शुरु हुने भएतापनि असारमा रु ५२८८४ को शैक्षिक क्यालेन्डर छपाई र वितरण भएको देखिएकोले सो को पुष्ट्याई पेश गर्नुपर्ने | ५२८८४ |
| १५१३-३।२३ | विविध खर्चबापत नेपाल पत्रकार महासंघको रत्ना रिसोर्टको विल भुक्तानी भएकोमा सो को खर्च आधार र प्रयोजन स्पष्ट गरी पेश गर्नुपर्ने | ५३००० |
| १४८५-३।२२ | महंगी भत्ता शिर्षकबाट डोर हाजिरमा रहेका व्यक्तिलाई रु १४४९०० भुक्तानीको व्यहोरासहित डाक बहादुर श्रेष्ठलाई भुक्तान भएकोमा सम्बन्धितलाई भुक्तान नभै अन्यलाई भएको सम्बन्धमा प्रमाण पुष्ट्याई सहित खर्च आधार पेश गर्नुपर्ने | १४४९०० |
| ९७२-१२।२० | सफ्टवेयर नविकरणबापत एकोसफ टेक्नोलोजी प्रालीलाई रु ११३००० भुक्तान भएकोमा पुरानो सम्झौताको आधारमा भएको तथा सम्झौता अवधि २०७६ असारमा सकिएकोले खर्च सँग सम्बन्धित पुष्ट्याई पेश गर्नुपर्ने | १४४९०० |
| **जम्मा** | | **३९५६८४** |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३,९५,६८४ |

६७ **कर बिजक/बिवरण -** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ बमोजिम मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्मसँग तोकीएको ढाँचाको कर बीजक लिई खरिद गर्नुपर्ने र व्ययवसायीले तोकिएबमोजिम नियमित रुपमा कर विवरण पेश गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस आर्थिक वर्षमा भुक्तान वा कारोबार गरेका निम्न व्यवसायीले रितपूर्वकको कर बिजक पेश नगरेको वा नन फाईलर रहेको देखिएकोले भुक्तान भएको मुअकर सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण पेश गरेको प्रमाण पेश गर्नुपर्ने रु

| गोभौनं./ मिति | भुक्तानी पाउनेको नाम | प्यान नं. | कर विजकको अवस्था | भुक्तानी रकम | ७० प्रतिशत मुअकर कर रकम |
|---|---|---|---|---|---|
| विभिन्न | सिता अपसेट प्रेस र छापाखाना | ६००३५०८९३ | नन फाईलर २०७८/M/३ | ७१०२३६ | ५७१९५ |
| | | | | प्रमाण पेश नगरेको | ५७,१९५ |

६८ **कर्मचारी कल्याण कोष -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष वित्तीय समानीकरणबाट कर्मचारी कल्याण कोषमा रु.१५००००० ट्रान्सफर गरेको छ । तर उक्त कोषको संचालन सम्बन्धी पालिकाबाट कुनै ऐन कानूनको व्यवस्था भएको देखिएन । यस्तो खर्च कानूनद्धारा व्यवस्थित बनाईनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

६९ **अनुगमन मुल्यांकन भत्ता**

✂ ........... (प्रारम्भिक प्रतिवेदन उपर असुल भएको आधारमा मिति २०८०।१२।२७ को निर्णयबाट रु.**१५,३००।-** सम्परीक्षण गरिएको ।)

७० **न्यायिक समिति -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी ४३ र यो वर्ष थप भएको ४० गरी कुल ८३ विवाद दर्ता भएकोमा ३६ वटा मात्र फर्स्यौट भई ४७ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

७१ **दोहोरो भुक्तानी**

✂ ........... (प्रारम्भिक प्रतिवेदन उपर असुल भएको आधारमा मिति २०८०।१२।२७ को निर्णयबाट रु.६८०००।- सम्परीक्षण गरिएको ।)

७२ **मनोसामाजिक परामर्श तालिम**

........... (प्रारम्भिक प्रतिवेदन उपर असुल भएको आधारमा मिति २०८०।१२।२७ को निर्णयबाट रु.६८००।- सम्परीक्षण गरिएको ।)

७३ **न्यानो झोला वितरण कार्यक्रम -** स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको आर्थिक वर्ष २०७९।८० मा सशर्त अनुदान तर्फ स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रमहरुको मार्गदर्शनमा प्रसुतिका आधारमा अनुमान गरी न्यानो झोलाको लागि अस्पतालहरुले सार्वजनिक खरिद ऐन र नियमावली अनुसार तोकिएको स्पेशिफिकेशन अनुसार खरिद गरी सो अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट गुणस्तर परीक्षण गर्नु पर्ने व्यवस्था छ । पालिकामा गतको मौज्दात शुन्य देखाएकोमा यस आर्थिक वर्षमा रु.२६८४८८ बराबरका ३०० थान न्यानो झोला खरिद गरी बर्थिङ सेन्टरमा पठाएको विवरण पेश भएको छ । खरिद भएका त्यस्ता झोलाहरु तोकिएको स्पेशिफिकेशन अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट परीक्षण गरेको देखिएन । तसर्थ माग र आवश्यकताको वस्तुनिष्ठ आङ्कलन गरी गुणस्तरीय झोला खरिद गर्नुपर्दछ । लामो समय भण्डारण गर्दा सोको गुणस्तरमा ह्रास आउने हुनाले त्यसतर्फ समेत पालिकाले ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

७४ **औषधि खरिद -** पालिकाकालाई आवश्यक पर्ने औषधि पालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ । आपूर्ति हुने औषधी वा अन्य सामानमा उत्पादन मिति , म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र निःशुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ । आपूर्ति भएका औषधिको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि तोकिएको अवधिससम्म बाँकी हुनुपर्ने तथा भण्डारमा दाखिला गर्दा समेत उल्लेखित सबै विवरण खुलाउनुपर्दछ । यसवर्ष पालिकाले देहायका फर्मसँग रु.३७९३१९४ को औषधि खरिद गरेको देखिन्छ। आपूर्ति हुने औषधी तथा औषधिजन्य सामाग्रीमा उल्लेखित सूचना पूर्ण रुपमा रहेको छैन भने औषधिको प्रयोग र मौज्दात समेत यकिन भएन । अतः पालिकाले औषधि खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधि खरिदलाई व्यवस्थित बनाउनुपर्दछ ।

| क्रस | भुक्तानीपाउने | भुक्तानीरकम |
|---|---|---|
| १ | ड्रगइन्टरनेशनल फार्मेसी | ८८६१०३ |
| २ | पपुलर आयुर्वेद फार्मेसी | ४६७४६७ |
| ३ | एप्पल फार्मेसी | १७४०५ |
| ४ | रामलक्ष्मण फार्मेसी | १०१३५५३ |
| ५ | ड्रगइन्टरनेशनल फार्मेसी | ८८६१०३ |
| ६ | देवकोटा भेटेरिनरी फार्मेसी | ९८२५३ |
| ७ | यदुवंशी सर्जिकल ट्रेडिगं हाउस | ७९७२२ |
| ८ | उमा सर्जिकल एण्ड सप्लायर्स | १२४२८० |
| ९ | ईटहरी सर्जिकल एण्ड एग्रो सप्लायर्स प्रा.लि. | २०७७७२ |

| | | |
|---|---|---|
| १० | श्रीसिद्धि साई सर्जिकल एण्ड केमिकल सेन्टर | १२५३६ |
| **जम्मा** | | **३७९३१९४** |

सैद्धान्तिक बेरुजु

